# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

शिक्षालाई दक्ष जनशक्ति उत्पादन गर्ने सवैभन्दा महत्वपूर्ण साधनको रूपमा लिइन्छ । शिक्षाको माध्यमबाट नै राष्ट्रमा उद्योग, कृषि, पर्यटन, वाणिज्य आदि क्षेत्रको विकास गरि अर्थतन्त्रको संरचनामा परिवर्तन ल्याउन सकिन्छ । त्यसैले अहिले शिक्षालाई मानव अधिकार र अनिवार्य आवश्यकताको रूपमा पनि लिन थालिएको छ । देशका आम नागरिकहरूलाई सर्वसुलभ ढंगबाट शिक्षा प्रदान गर्न पर्याप्त लगानीको आवश्यकता पर्दछ । शिक्षामा लगानी गर्नु भनेको दक्ष जनशक्ति उत्पादन गर्नु हो । विना आर्थिक प्रवन्ध नागरिकहरूलाई समय र समाज सापेक्ष जनशक्तिको रूपमा उत्पादन गर्न सकिदैन । शिक्षा विकासको सुरूका अवधिमा शिक्षामा समुदायले लगानी गर्दथ्यो । लगानी गर्न सक्ने शिक्षित भएभने लगानी गर्न नसक्ने अशिक्षित भए । गरिव विपन्न पिछडिएका समुदाय शिक्षाबाट वञ्चित भएकाले उनिहरूलाई समेत शिक्षाकोमूलधारमा समेट्न राज्यले शिक्षामा लगानी बढाउन थाल्यो । स्वास्थ्य, संचार, सडक, विद्युत, खानेपानी आदि क्षेत्रमा सरकारले लगानी विस्तार गर्नु पर्ने भएकाले अहिले शिक्षा क्रमश स्थानीय स्तरमा समुदायले व्यावस्थापन गर्ने गरी संचालन गर्न खोजिएको छ । अहिले शिक्षा सरकारी र निजी लगानीको पारदर्शी र विश्वसनीय आर्थिक अभिलेख नराख्नाले शिक्षामा स्थानीय लगानी घट्दै गएको छ । जव सम्म शिक्षामा पर्याप्त लगानी भित्र्याउन सकीदैन, तव सम्म स्तरीय र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिदैन (काफ्ले २०६५) ।

विद्यालय समाजको अभिन्न अंग हो । विद्यालयमा विभिन्न स्रोतबाट आम्दानी हुने र विभिन्न शीर्षकमा खर्च हुने गर्दछ । अर्थात विभिन्न किसिमका आर्थिक कारोबारहरू हुने गर्दछन् । ती आर्थिक कारोवारहरु वैज्ञानिक लेखा प्रणालीको सिद्धान्तमा आधारित भएर राख्नुपर्दछ । विद्यालयले शैक्षिक लक्ष्यहरूको अलवा भौतिक र आर्थिक लक्ष्यहरू आवधिक रूपमा तय गरेका हुन्छन् । यसरी संस्थाहरूले तय गरेका लक्ष्य अनुसार के कस्तो कार्यक्रमहरू सम्पन्न भए उपलब्धि कति हासिल भयो भन्ने विषयमा आवधिक मूल्यांकन हुनु जरूरी हुन्छ । विद्यालयहरूमा भएका यस्ता क्रियाकलापहरूको मूल्याङ्कन वित्तीय लेखा प्रणाली र सामाजिक परिक्षणको सहायताले गर्ने गरिन्छ । वित्तीय लेखाप्रणाली र सामाजिक परिक्षणको सहायताले गर्ने गरिन्छ । वित्तीय लेखा प्रणाली र सामाजिक परिक्षणको सहायताले

गर्ने गरिन्छ । वित्तीय लेखाप्रणाली अन्तर्गत एक आर्थिक वर्ष भित्र भएका आर्थिक कारोवारहरूको नियमितता मितव्ययिता , कार्यदक्षता र प्रभावकारिता समेत विचार गरि रूजु गर्ने र परिक्षण गर्ने कार्य पर्दछ । भने सामाजिक परिक्षण अन्तर्गत विद्यालयले एक शैक्षिक वर्षमा  सामाजिक उत्तरदायित्वको क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेको कार्यहरूको मूल्याङ्कन पर्दछ (खड्का, २०६२) ।

सामाजिक परीक्षण खासगरी व्यवसायिक जगतबाट सुरू भएको पाइन्छ । व्यवसायको समाज प्रति उत्तरदायित्व भएकोले सन १९५० मा हवार्ड आर वोवेनले सामाजिक परिक्षणको अवधारणा भित्र्याएका थिए । यसको प्रारम्भ व्यवसायिक जगतबाट भए पनि हाल गैरसरकारी र सरकारी संघ सस्थामा पनि यसको कार्यन्वयन गर्न थालिएको छ । खास गरि सामुदायिक उत्तरदायित्व वोकेको संघ सस्थाले यस्तो सामाजिक परिक्षण गर्दा सर्वसाधारणले सामाजिक संस्था प्रति विश्वास गर्दछन् र विभिन्न प्रकारको सहयोग प्रदान गर्दछन् (खड्का, २०६२) ।

सामाजिक परिक्षण विकेन्द्रिकरणको सिद्धान्तमा आधारित छ । स्थानीय स्तरमा श्रोत साधन कति छन् । स्थानीय स्तरमा विद्यालयले के कस्ता लक्ष्य र उद्देश्यहरू निर्धारण गरेका छन् विद्यालयले वर्ष भरिमा के कति उपलब्धि हासिल गऱ्यो , विद्यालय खुलेको र नखुलेको दिन, खुद पढाइ भएको दिन, कुन कुन शिक्षकहरू वर्ष भरिमा कति कति दिन हाजिर भए विदामा को को कति वसे, विना सूचना को को शिक्षक विदामा वसे, विद्यालयको वर्तमान भौतिक अवस्था, भवन, कक्षाकोठा , खेल मैदान, पुस्तकालय, शौचालय, खानेपानी आदि को वर्तमान अवस्था वि.व्य.स.को वैठक वर्षभरिमा कति पटक वस्यो, निर्णय प्रक्रिया , भर्नादर , सिकाइ उपलब्धि दर लैगिक संरचना, वार्षिक आम्दानी खर्चको अवस्था आदि स्थानीय अवस्थामा नै पत्तालगाई सुधारका लागि आवश्यक पृष्ठपोषण समेत प्रदान गरी विद्यालयको चौतर्फि विकासमा स्थानीय जनसहभागिता जुटाउन सामाजिक परिक्षणले मद्दत पुऱ्याउछ (शिक्षा विभाग, २०६५) ।

केहि विद्यालयहरूमा आर्थिक, भौतिक, शैक्षिक गतिविधि र क्रियाकलापका अभिलेख व्यवस्थित ढंगबाट नराख्दा अभिभावक र समुदायबाट विद्यालयहरु  आलोचित रहेका छन् । विद्यालयका शैक्षिक र आर्थिक क्रियाकलापहरू सन्तोषजनक पाउन सकिएको छैन । यसको

नियन्त्रण र सामुदायिक सहभागिताका लागि सरकारी स्तरबाट सामाजिक परिक्षणलाई अघि सारी कार्यान्वयन गर्न थालिएको छ ।

यसै परिप्रेक्षमा शै.स. २०६३ देखि सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षण गर्ने परिपाटीको थालनी भएको छ यसबाट विद्यालयको आर्थिक पारदर्शीतामा के कस्तो प्रभाव पारिरहेको छ  भनि खोज अनुसन्धान गर्न यो शोध कार्य गरिएको छ ।

## १.२ समस्याको कथन

सामाजिक परिक्षणले विद्यालय सु-सञ्चालन र अभिभावकको सहभागिता वृद्धिका लागि के कस्तो भूमिका निर्वाह गरेको छ । सो को पहिचान गर्ने , सामाजिक परिक्षणको प्रभावकारीता हेर्ने , आर्थिक पारदर्शीताका समस्याहरू र समाधानका उपयुक्त सुझावहरू पत्तालगाउन यस अध्ययनलाई अगाडि वढाइएको छ । सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षण गर्न शिक्षा नियमावली २०५९ (संसोधन सहित ) को नियम १७१ क मा कानूनी व्यवस्था गरि सामाजिक परिक्षण गर्ने सम्वन्धित निर्देशिका २०६५ समेत जारि गरि कार्यान्वयन गर्न थालिएता पनि विद्यालयको आर्थिक हिनामिना , छलकपट , गणितीय एवम् सैद्धान्तिक त्रुटि र अनियमितता घट्न सकेको छैन । जसले गर्दा विद्यालय प्रति समुदायको नकारात्मक धारणा वढेको छ ।

भौतिक पूर्वाधार जनशक्ति र अर्थ विना विद्यालय सञ्चालन हुन सक्दैन विद्यालयमा यस्ता आधारभूत सुविधाहरूको वृद्धि पारदर्शिताले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण टेवा पुऱ्याँउछ । स्थानीय अभिभावकहरूको जनसहभागिता वृद्धि गर्न सकिएमा मात्र समुदाय र विद्यालयको सम्वन्ध दरिलो र सुदृढ वन्न सक्छ । सामुदयिक विद्यालयहरूमा हुने प्रमुख समस्याहरू मध्ये प्रधानाध्यापकहरूवाट आर्थिक पारदर्शीता  नहुनु एक हो । विद्यालयको चौतर्फी विकासमा आर्थिक स्रोत साधानको अहम् भूमिका रहेको हुन्छ । विद्यालयहरूमा विभिन्न स्रोतहरूबाट प्राप्त आम्दानी र खर्चको वैज्ञानिक एवम् सुव्यवस्थित अभिलेख नराख्दा, समयमा लेखापरिक्षण नगर्दा, लेखा परीक्षण प्रतिवेदन समुदायका अभिभावक वा सरोकारवालाहरूले हेर्ने, सुन्ने छलफल गर्ने र अन्तरक्रिया गर्ने अवसर नपाउँदा अभिभावकहरू विद्यालयबाट टाढिएका छन् । विद्यालयको गतिविधि र क्रियाकलापमा अभिभावकहरूको सक्रिय सहभागिता घटेको छ । स्थानीय आवश्यकता र अवस्थालाई

समेटेर विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरूले विद्यालय कार्ययोजना निर्माण गर्न सकेका छैनन् । विद्यालयको आर्थिक, शैक्षिक र भौतिक गतिविधिको पारदर्शीताले विद्यालय सुसञ्चालन र लगानीको सही सदुपयोगमा टेवा पुग्ने कुरामा शंका छैन । जसको परिणाम स्वरूप शैक्षिक लगानीमा वृद्धि भई सिकाइ उपलब्धि र शैक्षिक गुणस्तरमा वृद्धि गर्न सकिन्छ ।

वर्तमान अवस्थामा सामाजिक परिक्षण एक जल्दो वल्दो समस्याको रूपमा लिन थालिएको छ । किन भने सामाजिक परिक्षणबाट पनि विद्यालयको आर्थिक भौतिक र शैक्षिक पक्षमा सुधार आउन सकेको छैन । कतिपय विद्यालय त आर्थिक रूपमा चकनाचुर पनि भएका छन् । प्रधानाध्यापकहरूले  विद्यालय डुबाए भन्ने अभिभावकहरूको गम्भीर आरोप पनि छ । सामुदायिक विद्यालयहरूमा लगानीको तुलनामा शैक्षिक उपलब्धि दिनानुदिन ह्रास भैरहेको छ । शिक्षामा सरकारी र निजी लगानी खेर गइरहेको  छ । त्यसकारण यस अध्ययनलाई अगाडि वढाइएको छ । प्रधानाध्यापकले विद्यालय सुधार योजना र वजेट निर्माण गर्दा आम अभिभावकहरूलाई संलग्न नगराउनु, समयमा लेखापरिक्षण नगर्नु लेखापरिक्षण प्रतिवेदनका सुझावहरू कार्यान्वयन नगर्नु, लेखापरिक्षण प्रतिवेदन  सार्वजनिक नगर्नु , अभिभावकहरूका सुझावहरू कार्यान्वयन नगर्नु जस्ता थुप्रै कारणले सामाजिक परिक्षण कति प्रभावकारी छ छैन भन्ने विषयमा अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

सामाजिक परिक्षण विद्यालयको आर्थिक पारदर्शीताका लागि प्रभावकारी कार्यक्रम हो । सामाजिक परिक्षणले विद्यालयको भौतिक, शैक्षिक र आर्थिक अवस्था कस्तो छ भन्ने कुराको जानकारी सम्बन्धित सरोकारवाला पक्षलाई दिन्छ । शिक्षा विकासको आधारशिला हो । शिक्षाका लागि राज्य, स्थानीय निकाय, गैरसरकारी संघ संस्था, अभिभावक, समुदायले लगानी गरेका हुन्छन् । लगानीको सहि कार्यान्वयन र पारदर्शि अभिलेखले मात्र सरोकारहरूको चासोमा वृद्धि हुनुका साथै विद्यालय व्यवस्थापन र संचालनमा समुदायको संलग्नता र सहभागिता वृद्धि हुन सक्छ । कुनै पनि कार्यक्रमको जतिसुकै सुन्दर लक्ष्य र उद्देश्यभए पनि त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुन नसके समय, श्रम र पूजीको खेर मात्र जान्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न सकेमा मात्र मुलुकको चौतर्फी  विकास सम्भव छ । सक्षम, क्षमतावान्, सिर्जनशील, जागरूक कर्मठ जनशक्ति उत्पादन गर्ने कारखानाको

रूपमा रहेको विद्यालयमा के कति आम्दानी रहेको छ, कुन श्रोत बाट हुन्छ, विद्यालयको भवन, खेलमैदान, पुस्तकालय, शौचालय कक्षाकोठाको आकार प्रकार, फर्निचरको अवस्था, विद्यालयको भर्नादर उत्तीर्ण दर कक्षा छाड्ने दर सिकाइ उपलब्धि आदिको वारेमा अभिभावक, शिक्षक विद्यालय व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्था लाई जानकारी गराउँछ । विद्यालयमा भएका कमीकमजोरीलाई हटाउन आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । प्रधानाध्यापकहरूलाई विद्यालय सुसंचालनमा घचघच्याउने कार्य समेत सामाजिक परिक्षणले गर्दछ । स्थानीय अभिभावकहरूलाई विद्यालयको विकास कार्यमा सहभागि गराउनु शिक्षकहरूलाई उपलब्धि वृद्धि गर्न, समुदायका सवै वालवालिकाहरूलाई विद्यालयमा भर्ना गराउन मद्दत पुऱ्याउँछ । तर सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षणबाट सन्तोषजनक परिणाम प्राप्त गर्न सकिएको छैन । विद्यालय प्रति अभिभावकहरूको व्यापक गुनासो रहेको छ । अभिभावकहरूलाई विद्यालय व्यवस्थापन र संचालन मा आकर्षित गर्न सकिएको छैन । कक्षा छाड्ने दरमा कमी ल्याउन, सिकाइ उपलब्धि दर बढाउन समुदायका सबै वालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्न सकिएको छैन । विद्यालयको आर्थिक, शैक्षिक र भौतिक अभिलेखहरू अहिले पनि अस्तव्यस्त छन् । खोजेका वेला आवश्यक जानकारी प्राप्त गर्न सकिएको छैन । प्रधानाध्यापकहरू आर्थिक भ्रष्टाचारको दलदलमा झनझन फसिरहेका छन् । अभिभावक विद्यालयबाट झन झन टाढिएको अवस्था छ । यी नै अवस्थाहरू भएकोले यस समस्यालाई अध्ययनको विषयवस्तु बनाइएको छ ।

यस अध्ययनबाट प्राप्त निश्कर्षलाई शिक्षा मन्त्रालयलाई देश भरिका विद्यालयहरूको अवस्था दर्शाउन क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्थानीय निकायहरू, गैरसरकारी संघ संस्थाहरूलाई सामाजिक परिक्षण प्रणालीमा सुधार गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्ने विश्वास लिइएको छ । अध्ययनले प्रधानाध्यापकप्रति अभिभावकले गर्ने गुनासोलाई कम गर्ने उपायहरू र विद्यालयको व्यवस्थापन र संचालनमा अभिभावकहरूको संलग्नता र सहभागिता वृद्धि गर्ने उपायहरूको खोजी गर्ने भएकोले अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) सामाजिक परिक्षणको वर्तमान अवस्था पत्ता लगाउनु ।

ख) सामाजिक परिक्षणले आर्थिक पारदर्शीतामा पारेको प्रभावको विश्लेषण गर्नु।

ग) सामाजिक परिक्षणमा देखिएका अन्तरहरू पहिचान गर्नु ।

घ) सामाजिक परिक्षणको कार्यान्वयनमा देखिएका समस्याहरू पत्तालगाउनु ।

ङ) सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने सुझावहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन् ।

क) सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षणको वर्तमान अवस्था कस्तो रहेको छ ?

ख) समाजिक परीक्षण कसरी हुने गरेका छन् ?

ग) के सामाजिक परिक्षण प्रभावकारी छ ?

घ) सामाजिक परीक्षणको कार्यान्वयनको अवस्था कस्तो छ ?

ङ) के सवै विद्यालयहरूले नियमित रूपमा सामाजिक परिक्षण गराउछन् ?

च) सामाजिक परीक्षणको कार्यान्वयनमा देखिएका समस्याहरू के के हुन ?

छ) सामाजिक परिक्षणको कार्यान्वयनमा देखिएका समस्याहरू समाधानका उपायहरू के के हुन ?

## १.६ अध्ययनको परिसीमा

श्रोत, साधन र समयलाई मध्यनजर गरी यस अध्ययनलाई सङ्खुवासभा जिल्लाको पोखरी श्रोत केन्द्र अन्तर्गत सिद्धपोखरी , सिद्धकाली र नुनढाकी गा.वि.स. का सवै प्रा.वि., नि.मा.वि., मा.वि. र उ.मा.वि. तहका सामुदायिक विद्यालयमा सिमित गरिएको छ । स्रोतकेन्द्र अन्तर्गतका स्रोतव्यक्ति, विद्यालय व्यावस्थापन समितिका पदाधिकारीहरू, शिक्षक

अभिभावक संघका अध्यक्षहरू, प्र.अ., शिक्षक र अभिभावकहरूमा अध्ययनलाई सीमित गरिएको छ ।

यस अध्ययनमा सामाजिक परीक्षणको वर्तमान अवस्था अध्ययन गरी यसले आर्थिक पारदर्शितामा पारेको प्रभावको मात्र लेखाजोखा गरिएको छ ।

## १.७ शब्दावलीहरूको परिभाषा

क. सामाजिक परीक्षण - विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षको लेखाजोखा तथा मूल्याङ्कन ।

ख. सामुदायिक विद्यालय - सरकारी अनुदान पाउने गरी स्थापना भएका विद्यालय ।

ग. संस्थागत विद्यालय - सरकारी अनुदान नपाउने निजी लगानीमा संचालन भएका विद्यालय

घ. औपचारीक शिक्षा - विद्यालय स्थापना गरी निश्चित पाठ्यक्रमका आधारमा प्रदान गरिने शिक्षा ।

ङ. विकेन्द्रीकरण - केन्द्रका अधिकार स्थानीय तहमा निरुपित भएको अवस्था

च. सरोकारवाला - विद्यालय व्यवस्थापन, संचालन, रेखदेख र नियन्त्रणमा संलग्न वि.व्य.स. एवम् शि.अ. संघका पदाधिकारी, अभिभावक, शिक्षक, प्रधानाध्यापक र स्रोतव्यक्तिहरु ।

ज. लेखापरीक्षण - कुनै पनि संघ संस्था आर्थिक कारोवारको नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता र कार्यदक्षता समेत विचार गरी रुजु गर्ने र परीक्षण गर्ने कार्य ।

झ. सशक्तिकरण - सामाजिक, आर्थिक रुपमा जागृत गर्ने काम ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ का अनुसार शिक्षामा लगानी भएकाले शिक्षामा राष्ट्रले गरेको खर्चलाई विकासको सूचकको रूपमा लिने गरिन्छ । निर्धारित शैक्षिक उद्देश्यहरू प्राप्तिका लागि आवश्यक आर्थिक स्रोतहरू प्रभावकारी रूपमा परिचालन र उपलब्ध भएका आर्थिक साधनहरू प्रभावकारी ढंगमा गरिने आयोग बाट शिक्षामा लगानीको औचित्य पुष्टि हुन्छ । शिक्षामा राज्यस्तरबाट मात्र लगानी सम्भव छैन । स्थानीय स्तरमा नै लगानीका स्रोतहरू पहिचान गरि स्थानीय स्तरमा नै सो को परिचालन र अनुगमनका साथै सुपरिवेक्षणको दरिलो संयन्त्र निर्माण गर्न सकेमा मात्र शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न सकिन्छ । विद्यालय प्रसाशक र व्यवस्थापकहरूबाट आम्दानी खर्चको पारदर्शी अभिलेख नराख्नाले र सार्वजनिक नगर्नाले पनि शिक्षाम स्थानीय स्तरको लगानीको मात्रा घटेको छ । विकेन्द्रिकरणको नीति अनुरूप शिक्षामा स्थानीय लगानीलाई वृद्धि गर्न स्थानीय नागरिक समाजलाई सक्षम र क्षमतावान बनाउनु पर्दछ । विद्यालय व्यवस्थापकहरूका कार्यशैलीमा परिवर्तन ल्याउनु पर्छ । सामुदायिक सहभागिता वृद्धि गर्न सक्दा मात्र शिक्षामा सामुदायिक लगानी वृद्धि भन्दा वढि भित्रन सक्ने पर्याप्त सम्भावनाहरू छन् (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०५५) ।

विद्यालयमा शिक्षाको प्रस्तावित कार्यनीति तथा कार्ययोजनाको अवधारणापत्र (२०५८) अनुसार सरकारले विद्यालयहरुलाई आफू खुसी र एकतर्फ ढंगले शुल्क निर्धारण छुट दिन नहुने, विद्यालयको भौतिक तथा शैक्षिक क्षमता र सम्भाव्यतालाई आँकलन गरी शुल्कका आधार र सीमा तोकिनु पर्ने , जुन प्रयोजनमा शुल्क उठाइएको हो सोही शीर्षकमा खर्च गर्नुपर्ने शुल्क निर्धारण गर्दा लागत खर्चलाई मापदण्ड बनाउनुपर्ने हिसाब किताबको पारदर्शी अभिलेख रख्नुपर्ने समय समयमा सार्वजनिक गर्नु व्यवस्था मिलाउनु पर्छ । आर्थिक पारदर्शिताका लागि सबैलाई स्वीकार्य लेखाप्रणाली (Generally Accepted Accounting Principle) को सबै प्रकारका विद्यालय र शैक्षिक निकायहरुले अवलम्बन गर्नुपर्छ । आयव्ययलाई सार्वजनिक गर्ने नीति अवलम्बन गर्नुपर्दछ । विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विवरणहरु प्रति प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु पूर्ण रुपमा जबाफदेही हुनुपर्छ । विद्यालयको आर्थिक पारदर्शिताका लागि

कानूनी व्यवस्था गरी लागू गर्नुपर्छ । आर्थिक पारदर्शिताका आधारहरु  शिक्षा नियमावलीमा व्यवस्था गर्न शिक्षा मन्त्रालयले पहल गर्नुपर्छ  (मकालु बुक्स एण्ड स्टेसनर्स, २०५८) ।

खड्का (२०६२) ले तयार पार्नु भएको व्यव्थापन सिद्धान्त अनुसार व्यवसायिक संगठनहरुले आफ्ना ग्राहक, कर्मचारी, समाज, लगानीकर्ता तथा राष्ट्रप्रति उत्तरदायित्व पूरा गर्न गरिने सामाजिक कल्याणसँग सम्बन्धित गतिविधि र क्रियाकलापहरुको गरिने मूल्याङ्कन नै सामाजिक परीक्षण हो । सामाजिक उत्तरदायित्वका क्षेत्रमा नियोजित लक्ष्य प्राप्त गर्नका लागि गरेका कार्यहरुको मूल्याङ्कन गर्ने गर्नु पर्दछ । सामाजिक परीक्षण आर्थिक पक्षको लेखा परीक्षण भन्दा फरक छ । यसले व्यवसायीक कार्य सम्पादनको क्रमबद्ध अध्ययन तथा मूल्याङ्कन गर्दछ ।  सामाजिक परीक्षण गर्नुको उद्देश्य संगठनात्मक कार्यको तस्वीर प्राप्त गर्नु, विभिन्न दृष्टिकोणबाट सवल र दुर्वल पक्षहरु निर्धारण गर्नु र सर्ब पक्षबाट संगठनात्मक कार्य सम्पादनको मूल्याङ्कन गर्नु हो । सामाजिक परीक्षणले समाजप्रति गर्नुपर्ने उत्तरदायित्वलाई पुरा गर्न प्रेरित गर्दछ । सामाजिक कार्यसम्पादन प्रति सजक रहने विभिन्न कार्यक्रमहरुको तुलना गर्ने र लागत लाभ विश्लेषण गर्ने उद्देश्यले सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण व्यवसायीक जगतमा ऐच्छिक भए पनि शैक्षिक संस्थाहरुमा अनिवार्य गर्नु उत्तम मानिन्छ  (खड्का, २०६२) ।

लेखापरीक्षण ऐन (२०४८) अनुसार लेखापरीक्षकले कुनै पनि सरकारी संघ, संस्था र कार्यालयको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी स्वीकृत विनियोजित रकमहरु  सम्बन्धित शीर्षक अन्तर्गत खर्च भए नभएको, लेखा राख्दा प्रचलित कानूनको अगुसरण गरे नगरेको सरकारी सम्पत्तिको  लगत दुरुस्त र अध्यवधिक भए नभएको, नगदी, जिन्सी र अन्य सरकारी सम्पत्तको हानी नोक्सानी वा दूरुपयोग आदि कुराको परीक्षण गर्नुपर्छ ।

शिक्षा विभाग (२०६५) अनुसार  प्रत्येक सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रुपमा गर्नुपर्छ । प्रत्येक आ.व.को अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदनले सुझाव गरेको कुराहरु के कति कार्यान्वयन भए वा भएनन, विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था छात्र-छात्रा अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिति आदी सुचकहरुको आधारमा सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षण प्रत्यक आ.व.को भाद्र मसान्त भित्र सम्पन्न गरी अभिभावक भेलामा सार्वजनिक

गरिनु पर्दछ । असोज १५ गतेभित्र सम्वन्धित विद्यालय निरीकक्षक वा श्रोत व्यक्तिलाई उक्त प्रतिवेदन वुझाउनु पर्छ । विद्यालय निरीक्षक वा स्रोतव्यक्तिले आफूकहाँ प्राप्त भएको सामाजिक परीक्षण प्रतिवेदन कार्तिक १५ गतेभित्र जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्दछ । जिल्ला शिक्षा कार्यालयले जिल्ला भरीका सबै विद्यालयहरुको सामाजिक परीक्षण अभिलेख राखी पौष मसान्त भित्र क्षेत्रीय शिक्षा निर्देशनालयमा र विभागमा पठाउनुपर्छ । अन्तमा शिक्षा विभागले विद्यालयहरुको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षण सम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्छ । सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरुमा कानूनमा व्यवस्था गरी अनिवार्य गरिएको छ । सामाजिक परीक्षण गर्न शिक्षक, अभिभावक संघको संयोजकत्वमा अभिभावक मध्ये कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, संवन्धित वडाको वडाध्यक्ष एक जना शिक्षक अभिभावक संघले तोकेको बुद्धिजीबीहरुमध्ये एक जना , प्रधानाध्यापकले सदस्य सचिवको रुपमा एक जना शिक्षक गरी ६ सदसीय सामाजिक परीक्षण समिति रहने कानूनी व्यवस्था गरेको छ (शिक्षा मन्त्रालय, २०६५) ।

अधिकारी (२०६५) ले तयार गर्नुभएको विद्यालयमा सामुदायिक सहभागिता गुणात्मक शिक्षाको लागि आवश्यकता, इपम्यानको जर्नलका अनुसार विद्यालय र समाज एक अर्काका अभिन्न अंग हुन । विद्यालयविना समाजको समाजको सम्भव छैन भने समाज विनाको विद्यालय पानी विनाको माच्छा जस्तै हुन्छ । विद्यालय र समाज एउटै सिक्का दुई पाटाहरु हुन । समाजको भविष्य शिक्षामा निर्भर हुन्छ । शिक्षाले समाज र वालवालिको भविष्य निर्धारण गर्दछ । शिक्षाले ज्ञानको क्षितिज फराकिलो बनाउँछ । त्यसकारण शिक्षाको विकासको लागि समुदायको सहभागिता वृद्धि गर्न जरुरी छ । अभिभावकको संलग्नता समुदायको सहभागिता विद्यालय प्रभावकारीता र शैक्षिक गुणस्तर निर्धारणका तत्वहरु हुन । वर्तमान परीप्रेक्षमा आर्थिक स्रोत जुटाउन शिक्षक अनुपस्थितलाई कमी गर्न विद्यालय सुशासनमा उत्तरदायित्व वृद्धि गर्न जीवन उपयोगी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न विद्यालय समुदायको सम्पत्ति हो भन्ने भावना जागृत गर्न, विद्यालयमा अभिभावकहरुको संलग्नता र समुदायको सहभागिता अति आवश्यक भएको छ । विद्यालयमा हुने शैक्षिक, भौतिक र आर्थिक पारदर्शिताले अभिभावकहरुको संलग्नतामा वृद्धि गर्न मद्दत पुऱ्याउछ । जवसम्म विद्यालयमा हुने गतिविधि र क्रियाकलापहरु अभिभावक र समुदायमा सार्वजनिक गरिदैन, तबसम्म समुदायको विद्यालयप्रतिको सहभागितामा वृद्धि गर्न सकिदैन । समुदायको

सहभागिता वृद्धिले समुदायका पिछडिएका वर्गका बालबालिका र छात्राहरुको भर्ना वृद्धि गर्न, विद्यार्थीहरुको नियमित उपस्थितिमा वृद्धि गर्न, विद्यालय व्यवस्थापनमा सरोकारवालाहरुको संलगनता वृद्धि गर्न, विद्यालय गतिविधिको अनुगमन र सुपरीवेक्षेण प्रभावकारी वनाउन, शैक्षिक समस्याहरु पहिचान र निराकरण गर्न सहायोग पुऱ्याउँछ (अधिकारी,२०६५) ।

अधिकारी र साथीहरू(२०६५),ले तयार गर्नु भएको विद्यालयमा व्यवस्सथापनमा सामुदायिक सहभागिता, आवश्यकता र चुनौतीहरु, इपम्यानको जर्नलका अनुसार विद्यालय सामाजिक अस्तित्व भएको संस्था हो , जसले समुदायको आवश्यकता पूरा गर्दछ । समुदायका अभिभावकहरु विद्यालयका सरोकारवालाहरु हुन् । विद्यालयमा योजना निर्माण, व्यवस्थापन र अनुगमन सुपरीवेक्षणका लागि समुदायको सहभागिता आवश्यक छ । सामुदायिक सहभाताबाट विद्यालयले निर्धारित उपलब्धी हासिल गर्न सक्छ । राजनैतिक हस्तक्षेप नहुने हो भने निर्वाचन प्रणलीबाट बन्ने विद्यालय व्यवस्थापन समितिमा समुदायका ख्यातिप्राप्त,अनभवी, दक्ष र क्षमतावान व्यक्तिहरु निर्वाचित भई विद्यालयलाई समुदायको चाहाना अनुसार क्रियासिल बनाउन सकिन्छ ।, अहिले विश्वका धेरै मुलुकहरुमा विभिन्न खाले समस्या र चुनौतिको वावजुद विद्यालयमा स्थानीय समुदायको संलग्नता बढाउन खोजेको पाइन्छ । विद्यालयमा स्थानीय सरोकारवालाहरुको सहभागिताले स्थानीय पाठ्क्रम निर्माण,विद्यालय योजना निर्माण व्यवस्थापकीय निर्णय, नियन्त्रण प्रर्णालीमा चासो वृद्धि हुन्छ जसले गर्दा शैक्षिक प्रर्णाली र शैक्षिक गुणस्तरमा सुधार आउछ । निर्णयमा सामुदायिक स्वायतता, प्र.अ.लाई अधिकार सम्पन्न बनाउने हो भने विद्यालय शिक्षा प्रर्णालीमा केही न केही सुधार आउन सक्छ । विद्यालयप्रति सामुदायिक उत्तरदायित्व बहन गर्न, सामुहिक निर्णय गर्न , विद्यालय अभिभावक सम्बन्ध विस्तार गर्न स्थानीय अभिभावकहरुको विद्यालय व्यवस्थापनमा पहुँच वृद्धि गर्न, अभिभावकहरुलाई सशक्तिकृत गर्न शिक्षण संस्थालाई प्रतिस्प्रधि वनाउन, स्वामित्वभावको विकास गनृ , शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी उपलब्धीका सधार गर्न अभिभावक संलग्नता अति आवश्यक पक्ष हो । सामुदायिक सहभागिताका लागि समुदायका सबै वर्ग, जात, जाति, धर्म, संस्कृतिका व्यक्तिहरुलाई संलग्न गराउन नसक्नु, ऐन नियमहरुको प्रभावकारी कार्यान्वयन नमहुनु, अनुगमन र सुपरिवेक्षण प्रभावकारी नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु, व्यवस्थापकिय पारदर्शिता नहुनु नै विद्यमान समस्या र चुनौतीहरु हुन्  (अधिकारी र साथीहरु, २०६५) ।

वाग्ले र साथीहरू (२०६०) ले तयार गर्नु भएको शैक्षिक योजना अनुसार शिक्षा दान होइन अधिकार हो शिक्षा सवैले पाउनु पर्छ । शिक्षा मानव अधिकार भित्र पर्दछ । अन्तराष्ट्रिय घोषणा र नाराहरूले पनि शिक्षामा समता र समानतामा जोड दिइएको छ । शिक्षा प्रति वढ्दो जन आकांक्षा र चाहनालाई दृष्टिगत  गरि शैक्षिक अवसरको सृजना र परिपूर्ति राज्य स्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई जनस्तरसम्म पुऱ्याउन विकेन्द्रीत शैक्षिक योजना तथा व्यवस्थापनको टड्कारो आवश्यकता विश्वभरि नै देखिएको छ । विद्यालयको संस्थागत  सुधारका लागि विद्यालयहरूलाई जनताको नजिक ल्याउनका लागि र शैक्षिक लक्षका पूर्वानुमानहरूलाई सुनिश्चित गर्ने मूलभूत उद्देश्यले शिक्षामा विकेन्द्रीकरण प्रणालीलाई जोड दिनै पर्छ । शैक्षिक अवसरहरू विस्तार गर्न , विद्यार्थीको चाहनालाई समेट्न शिक्षा लक्षित तथा सरोकारवाला सम्म पुऱ्याउन शिक्षामा अन्तराष्ट्रिय चासो वृद्धि गर्न , केन्द्रिय सरकारको आर्थिक न्याय भार घटाउन , प्रादेशिक एवं संघीय योजना निर्माण गरि कार्यान्वयन गर्न समुदायका व्यक्तिहरूलाई शिक्षा प्रतिको स्वामित्व भावनको विकासका लागि शिक्षा प्रणालीको सक्षमता र गुणस्तर अभिवृद्धि का लागि प्रभावकारी विद्यालय व्यवस्थापनका लागि जनसहभागिता र स्थानीय स्रोत साधन परिचालन गर्न शैक्षिक विकेन्द्रीकरण आवश्यक छ । विकेन्द्रीकरणका विधिहरू थुप्रै  छन् । जसमध्ये स्थानीय साशन सशक्तीकरण विधि अनुसार वजेट तयार गर्ने , खर्चगर्ने स्टाफ भर्ना शैक्षिक विषय वस्तु - पाठ्यक्रम, विद्यार्थी मूल्यांकन ) छनौट गर्ने अधिकार स्थानीय स्तरको निकायहरूलाई हस्तान्तरण गरिन्छ । त्यस्तै गरि विद्यालयमा आधारित स्थानीय निकायलाई निरूपण गर्दा मात्र हुदैन भन्ने कुरामा जोड दिन्छ । यस विधि अनुसार विद्यालय स्वायत्त हुनुपर्दछ । निर्णय गर्ने अधिकार शिक्षक अभिभावक तथा समुदायका नेताहरूलाई हुनुपर्दछ । प्राज्ञिक कार्यक्रमहरूको निर्धारण गरिन्छ । कार्यान्वयनमा शिक्षक, प्र.अ. , अभिभावक एवं समुदायको सक्रिय सहभागिता हुनुपर्दछ (वाग्ले र साथीहरू २०६२) ।

तामाङ (२०६६) ले सामाजिक परीक्षणबाट विद्यालयको आर्थिक पारदर्शीताको कस्तो प्रभाव रहेको छ भनि गर्नु भएको शोध पत्रमा आर्थिक कारोवारमा अनियमितता हुने क्रम घटेको, हिसाव कितावहरू एकोहोरो लेखा प्रणाली क्रमशः दोहोरो लेखाप्रणालीमा परिवर्तन गर्नेक्रम बढ्न थालेको सामाजिक लेखा परीक्षण समितिले लेखा परीक्षण पछाडि दिएका सुझावहरूलाई कार्यान्वयन नगर्ने चलन क्रमशः कार्यान्वयन गर्न तिर तत्परता देखाउन

थालेको विद्यालयका सरोकारवालाहरू विद्यालय प्रति सचेत र जागरुक हुन तत्परता देखाउन थालेको कुरा सो अनुसन्धानले प्रष्ट पारेको छ (तामाङ,२०६६)।

विद्यालयहरुको आर्थिक कारोवारहरुको व्यवस्थित अभिलेख राख्न र आर्थिक कारोवारमा पारदर्शीता अवलम्बन गर्न सकेको खण्डमा विद्यालय व्यावस्थापनमा अभिभावकहरुको संलग्नता बृद्धि भई शैक्षिक गुणस्तरमा समेत अभिवृद्धि हुन जान्छ । तर विद्यालयहरुमा आर्थिक पारदर्शीता नहुने गरेको व्यापक गुनासो छ ।

## २.२ सैद्धान्तिक खाका

सामुदायिक विद्यालयहरुको आर्थिक पारदर्शीताका लागि सामाजिक परिक्षणको प्रभाव हेर्न विकेन्द्रिकरणको सिद्धान्त, मानव सम्बद्ध सिद्धान्त, वैज्ञानिक व्यवस्थापनको सिद्धान्त उपयुक्त देखिएकोले निम्नानुसार उल्लेख गरिएको छ ।

Mayo, Elton(1880-1949) का अनुसार कुनै पनि संगठनमा गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध भएमा काम सम्पादन राम्रो, चाँडो, स्तरीय हुने र यसको विपरित राम्रो मानव सम्बन्ध नभएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने गर्दछ । कुनै पनि संगठनमा समुह संचालनका लगि नेतृत्व, उत्पेरणा, सहभागिता, संञ्चार, व्यक्तित्व जस्ता मानविय व्यवहार अपरिहार्य हुन्छ । कर्मचारीका कमी कमजोरी पत्ता लगाउन समन्वय र प्रेरणा प्रदान गर्नुपर्छ । सांगठनिक क्रियाकलपमा सबैलाई सहभागी गराउनु पर्छ । कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ । दोहोरो र वास्तविक संचार प्रणाली अपनाउनु पर्छ । मानिसहरूलाई दया, माया, ममता, स्नेह सम्मान र सत्कार आवश्यक हुन्छ । कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ । औपचारिक र अनौपचारिक सबै खाले संगठनलाई महत्व दिनुपर्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई समाजिक पक्ष पनि हो । सामुहिक कार्यबाट मात्र संस्थाको लक्ष्य प्राप्त हुन्छ (कोइराला र श्रेष्ठ, २०६४ मा उद्धृत) ।

Per Dalin (1998) का अनुसार विकेन्द्रिकरण भन्नाले केन्द्रमा एकीकृत भएका अधिकारलाई तल्लो तह सम्म अधिकारको निरुपण गर्नु हो । जसले गर्दा नीति निर्माण गर्ने अधिकार समेत उनिहरुलाई हस्तान्तरण गर्नाले विद्यालयमा स्रोत र साधनको समुचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक गुणात्मकता आउन सक्छ । विकेन्द्रिकरण निरुपण

एउटा कानुनी प्रावधान हो । जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनी दायरा भित्र रही योजना वनाउने, निर्णय गर्ने, कार्यान्वयन गर्ने, नीति निर्माण गर्ने र मुल्याङ्कन तथा अनुगमन समेत गर्न पाउँछ (के.सी., २०६५मा उद्धृत ) ।

Tailor, F.W. (1856-1911) का अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन गरि वैज्ञानिक वनाउनु पर्दछ । वैज्ञानिक ढंगले कामदारको छनौट गरि छानिएका कामदारहरुलाई तालिम दिने तथा दक्षता पूर्वक काम सिकाउनु पर्छ । वैज्ञानिक ढंगले परिचालन गर्नुपर्छ । कामदारलाई कार्य प्रति अधिकतम उपलब्धि हासिल गर्नेढंगले परिचालन गर्नुपर्छ । कामदारलाई मात्र दोस र आफू उम्कने परिपाटी त्याग्नु पर्छ (कोइराला र श्रेष्ठ २०६४ मा उद्धृत) ।

यसैले शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रांविधिक पक्षलाई मात्र ध्यान नदिई सामाजिक पक्षलाई पनि ध्यान दिनुपर्छ । जव सम्म केन्द्रका अधिकारलाई तल्लो तहसम्म निरुपण  गरिदैन र तल्लो तहलाई आर्थिक  पारदर्शिताका लागि सक्षम वनाउँदैन तव सम्म विद्यालयको आर्थिक अवस्था कमजोर हुन्छ , यसरी विद्यालयको आर्थिक व्याबस्थापनलाई प्रभावकारी वनाउन विद्यालयका सरोकारवालाहरु प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यावस्थापन समिति, समुदायका अभिभावकहरु वीच एक आपसमा स्पष्ट कार्य विभाजन आपसी सहयोग, मानवीय सम्बन्ध, सञ्चार, उत्प्रेरण, सहभागिता आदि हुनु जरुरी हुन्छ । उल्लोखित पक्षहरुलाई  ध्यान दिन सके मात्र आर्थिक पारदर्शीता सम्भव छ ।

## २.३ अध्ययनको उपादेयता

यस अध्ययनले सामुदायिक विद्यालयहरुमा सामाजिक परिक्षणले आर्थिक पारदर्शीतामा के कस्तो प्रभाव पारेको छ सो को सदिचार गर्न, आर्थिक पारदर्शीताको प्रभावकारीता हेर्न, विद्यालयको आर्थिक कारोवारहरुको पारदर्शीतामा देखिएका समस्याहरु केलाउन र समस्या समाधानका उपायहरु खोजिगर्न सहयोग पुऱ्याउँछ । सामाजिक परिक्षणको विद्यालयमा आवद्ध पक्षहरु बीच कार्य विभाजन, प्राधानाध्यापकलाई वैज्ञानिक तरिकाले लेखा राख्नका लागि तालिम, व्यवस्थापक र सरोकारवालाहरु वीच आत्मीय सम्वन्ध, सहयोग, सञ्चार हुनुपर्ने कुरामा जोड दिनेछ । आर्थिक कारोवारहरुको पारदर्शीताको अभावमा विद्यालयमा अभिभावकहरूको चासो वृद्धि गर्न सकिदैन  जसले गर्दा शैक्षिक

लगानी खेर जानुका  साथ साथै शैक्षिक गुणस्तरमा पनि वृद्धि नहुने तथ्यलाई प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनले सामाजिक परिक्षण कार्यान्वयन गर्ने निकाय, व्यक्ति संघ संस्था आदिलाई प्रभावकारी कार्यान्वयनका लागि घचघच्याउन समेत सहयोग पुऱ्याउने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि विषय वा शीर्षकमा अध्ययन गर्न निश्चित विधिको आवश्यकता पर्दछ । यहाँ अनुसन्धानकर्ताले वर्णनात्मक र विश्लेषणात्मक ढाँचा समान्य सम्भावनायुक्त नमुना छनौट पद्धती प्रथमिक तथ्याङ्क संकलन विधि र द्धितीय तथ्याङ्क संकलन विधिलाई आधार मानेर अध्ययन गरिएको छ ।  यस अध्ययनमा परिमाणात्मक,गुणात्मक र मिश्रित ढाँचालाई अवलम्वन गरिएको छ ।

## ३.२ जनसङ्ख्या

प्रस्तुत शोध पत्रका लागि संखुवासभा जिल्लाको पोखरी स्रोत केन्द्र अन्तर्गत प्रा.वि.१८, नि.मा.वि.४, मा.वि.३ र  उ.मा.वि.१ गरि जम्मा २६ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । यी २६ वटा सामुदायिक विद्यालयहरुका जम्मा २६ जना प्र.अ., वि.व्य.स अध्यक्षहरु २६ जना, शिक्षक अभिभावक संघका अध्यक्ष २६ जना शिक्षक प्रतिनिधि २६ जना  अभिभावक २६ जना र एक जना श्रोत व्यक्ति गरी जम्मा १३१ जनालाई जनसंख्याको रुपमा लिएको छ ।

## ३.३ नमूनाको आकार र नमूना छनौट विधि

यस अध्ययनका लागि पोखरी स्रोत केन्द्र अर्न्गात १ जना स्रोत व्यक्ति , ८ जना प्रधानाध्यापक, ८ जना वि.व्य.स.का अध्यक्ष, ८ जना शि.अ.सं.का अध्यक्षहरू र ८ जना शिक्षकहरू गरी जम्मा ४१ जनालाई छनौट गरिएको छ । नमूनाको आकारलाई अनुसूचि १ मा देखाइएको छ ।

सामाजिक परीक्षणले सामुदायिक विद्यालयको आर्थिक पारदर्शीतामा पारेको प्रभावलाई अध्ययन गर्न उद्देश्य मुलक ढंगले नमुना छनौट विधि अपनाईएको छ । यस अध्ययनका लागि विद्यालय शिक्षक र अभिभावकलाई सामान्य सम्भावना युक्त नमुना छनौट पद्धतीको आधारमा नमुना छनौट गरिएको छ ।

## ३.४ नमुना छनौटको आधार

सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षणले आर्थिक पारदर्शीतामा पारेको प्रभावलाई अध्ययनगर्नका लागि उद्देश्यमुलक ढंगले नमुना छनौट प्रक्रियालाई अपनाईएको छ । यस अध्ययनमा नमुना छनौटका लागि भौगोलिक, जातीय र लैङ्गिक कुराहरुलाई आधार मानेको छ ।

## ३.५ अनुसन्धानका साधनहरू

यस अध्ययनमा स्थलगत अध्ययन प्रत्यक्ष भेटघाट, छलफल, अन्तरवार्ता प्रश्नावली, सामुहीक प्रश्नावली जस्ता साधनहरु प्रयोग गरिएको छ । उक्त साधनहरु अनुसूची १,२,३,४,५,६,७,८ ,९ मा राखिएको छ ।

## ३.६ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनलाई अगाडि वढाउनका लागि मूलतः दुई प्रकारका स्रोतहरू प्रयोग गरिएको छ ।

### ३.६.१ प्राथमिक स्रोत

यस अध्ययनका लागि शोधकर्ता स्वयम् अध्ययन स्थलमा पुगेर सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट, छलफल र प्रश्नावलीका माध्यमबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ द्वितीय स्रोत

अनुसन्धानकर्ताले यस अनुसन्धानमा द्वितीय स्रोत अन्तर्गत विद्यालयको अभिलेख आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो शोधपत्र लेखनको सिलसिलामा विभिन्न स्रोतबाट प्राप्त सूचना सम्वन्धित साहित्यको लेख रचना प्रतिवेदना, पूर्व शोधपत्र, शिक्षा ऐन तथा नियमावली, सरोकारवाला व्यक्तिहरूको सुझाव, विभिन्न सैद्धान्तिक दृष्टिकोण आदिलाई समेत आधार बनाई तयार

गरिएको छ । शोधपत्रलाई तथ्यपरक र व्यवहारिक बनाउनका लागि भेटघाट छलफल अन्तरवार्ताबाट प्राप्त तथ्य/तथ्याङ्कको संकलन गरिएको छ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनमा सामुदायिक विद्यायलहरुको आर्थिक पारदर्शीताको लागि सामाजिक परीक्षणले पारेको प्रभावलाई अध्ययन गर्नको लागि संकलित तथ्यङ्कहरुलाई विश्लेषण गर्नका लागि तालिकिकरण  गरी त्यसलाई प्रतिसतमा निकाली तुलनात्मक रुपले परिमाणत्मक र गुणात्मक दुवै तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यसका लागि सामाजिक परिक्षणको कस्तो प्रभाव छ भनि पत्तालगाउने कोसिश गरिएको छ । अनुसन्धानका लागि प्रत्यक्ष सम्पर्क, छलफल, सामुहिक प्रश्नावली प्रयोग गरि पोखरी श्रोत केन्द्रका २६ वटा सामुदायिक विद्यालयहरू मध्येबाट ८ वटा आवश्यक सूचना र तथ्याङ्क लिइएको छ । जसमा ४ वटा उ.मा.वि. रहेका छन् । अनुसन्धानलाई सकेसम्म भौगोलिक क्षेत्र, तह, जाति र लिङ्गलाई समेटी समावेशी बनाइएको छ । यस अनुसन्धानमा निम्न वुदाका आधारमा विश्लेषण गरि निश्कर्ष निकालिएको छ ।

## ४.१ सामाजिक परिक्षणको कार्यान्वयनको वर्तमान अवस्था

विद्यालय समुदायका वालवालिका अध्ययन गर्ने ठाउँ भएकोले विद्यालयको आर्थिक, भौतिक र शैक्षिक गतिविधिहरूमा समुदायको प्रत्यक्ष सरोकार रहनु पर्दछ । अभिभावकहरूले विद्यालयको सम्पूर्ण गतिविधि थाहापाउनु पर्दछ र यसका साथै अव विद्यालयहरूलाई के कसरी अगाडि वढाउने भन्ने विषयमा छलफल र बहस गर्न सकेमा विद्यालयको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोग मिल्दछ ।

शैक्षिक कार्यक्रमको लक्षित समुह विद्यार्थीहरू हुन् । यिनीहरूको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन भौतिक र आर्थिक पक्ष सुदृढ हुनुपर्दछ । विद्यालयको भौतिक र आर्थिक पक्ष मजबुत बनाउन स्थानीय समुदाय क्रियाशिल हुनुपर्दछ । स्थानीय समुदायको क्रियाशिलताले शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रत्यक्ष रूपमा टेवा पुऱ्याउछ । तसर्थ शिक्षा नियमावली २०५९ र (संसोधन सहित) को नियम १७१ क र सामाजिक परिक्षण गर्ने सम्बन्धि निर्देशिका २०६५ अनुसार सामुदायिक विद्यालयहरूमा एक वर्ष भरि भएका सम्पूर्ण गतिविधिहरूको लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्यको सुरूवात शैक्षिक सत्र २०६३ देखि भएको छ । सामाजिक परिक्षणको वर्तमान अवस्था कस्तो छ भनि सरोकारवालाहरूले दिइएको प्रतिक्रियालाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ सामाजिक परिक्षणको जानकारी

सामाजिक परिक्षणको जानकारी जव सम्म सरोकारवालाहरूलाई हुदैन तव सम्म सामाजिक परिक्षण प्रभावकारी हुन सक्दैन । अध्ययन क्षेत्रका विद्यालयहरूका

सरोकारवालाहरूलाई सामाजिक परिक्षणको जानकारी छ, छैन भनि खोजी गर्न अनुसूची १,२,३,४,५ र ६ मा संलग्न प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियाहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका १: सामाजिक परिक्षणको जानकारी

| क.सं. | सरोकारवालाहरू | जम्मा संख्या | जानकारी नभएको | | अलिअलि जानकारी भएको | | पूरै जानकारी भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्र | संख्या | प्र | संख्या | प्र |
| १ | वि.व्य.स. | ८ | | | २ | २५% | ६ | ७५% |
| २ | शि.अ.सं. | ८ | | | ४ | ५०% | ४ | ५०% |
| ३ | अभिभावक | ८ | ४ | ५०% | २ | २५% | २ | २५% |
| ४ | शिक्षक | ८ | | | २ | २५% | ६ | ७५% |
| ५ | प्र.अ. | ८ | | | | | ८ | १००% |
| ६ | स्रोत व्यक्ति | १ | | | | | १ | १००% |
| | जम्मा | ४१ | ४ | ९.७% | १० | २४% | २७ | ६५.८% |

स्रोत : स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा हाल सामुदायिक विद्यालयहरूमा कार्यान्वयन भइरहेको सामाजिक परिक्षणको जानकारी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू मध्ये ७५% लाई शिक्षक अभिभावक संघका अध्यक्षहरू मध्ये ५०% लाई अभिभावकहरू मध्ये २५% शिक्षकहरू मध्ये ७५% लाई पुरै जानकारी भएको पाइएको छ । यसरी प्र. अ. ले सरोकारवालाहरुलाई पत्रका साथै फोन सम्पर्क गरी बोलाएर सामाजिक परिक्षणको बारेमा जानकारी गराएको पाइयो । अभिभावकहरू मध्ये ५०% लाई सामाजिक परिक्षणको वारेमा पुरै थाहा नभएको पाइयो । त्यसै गरि विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू मध्ये २५%, शिक्षकहरू मध्ये २५% ले सामाजिक परिक्षणको बारेमा अलिअलि जानकारी भएको तथ्यांकले प्रष्ट पारेको छ । यसरी समाजिक परिक्षणको बारेमा आफ्ना बालबालिकाहरुलाई

मौखिक खबर विद्यालयका प्र.अ. ले पठाउने गरेबाट र अन्य सरोकारवालाहरुबाट जानकारी भएको पाइयो । सरदर ६५.८% सरोकारवालाहरूलाई सामाजिक परिक्षणको वारेमा जानकारी रहेको पाइयो । त्यसै गरि २४% लाई अलि अलि थाहा भएको पाइयो र ९.७% लाई पुरै जानकारी नभएको पाइयो ।

व्यवस्थापन सम्बन्धि मानव सम्बन्ध सिद्धान्तले सङ्गठनमा काम गर्नेहरुका बीच प्रभावकारी सञ्चार र समन्वय हुनु पर्नेमा जोड दिएता पनि विद्यालयका सरोकारवालाहरुलाई सम्बन्धित निकायहरुबाट सामाजिक परिक्षणको सम्बन्धमा कुनै किसिमको तालिम, गोष्ठी र सेमिनारहरुमा संलग्न गराइ सञ्चार समन्वय प्रभावकारी बनाइएको पाइएन । सरोकारवालाहरु सबैलाई सामाजिक परिक्षण सम्बन्धमा तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमहरुमा संलग्न गराई उनिहरुलाई सचेत गर्नु पर्ने देखिन्छ ।

### ४.१.२ विद्यालयको आर्थिक अभिलेख

अध्ययन क्षेत्रका विद्यालयहरूमा आर्थिक अभिलेख राख्ने कार्य कसले गर्दछ भनि खोजि गर्न प्र.अ.हरूसँग अनुसूची ४ मा सम्लग्न प्रश्नावलीहरूको प्रयोग गरि अध्ययन गर्दा निम्नानुसारका प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका २ : विद्यालयको आर्थिक अभिलेख

| क्र.सं. | आम्दानी खर्चको अभिलेखको काम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ. | ६ | ७५% |
| २ | शिक्षक | | |
| ३ | वि.व्य.स. | | |
| ४ | लेखापाल | २ | २५% |
| | जम्मा | ८ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकबाट के प्रष्ट भएकोछ भने अध्ययन क्षेत्रका ७५% विद्यालयहरूमा प्र.अ.द्वारा आर्थिक कारोवारको लेखा राख्ने कार्य भएको र २५% विद्यालयमा लेखापालद्वारा लेखा राख्ने कार्य भएको पाइयो । विद्यालयहरूमा विभिन्न स्रोतबाट आम्दानी हुने गर्दछ भने विभिन्न शीर्षकमा खर्च पनि हुन्छ । यस्ता आम्दानी खर्चको व्यवस्थित, वैज्ञानिक र पारदर्शी

अभिलेख राख्ने काम प्र.अ. को हुने व्यवस्था शिक्षा नियमावली २०५९ ले गरेको छ विद्यालयको आम्दानी खर्चको समयमानै सरोकारवालाहरू समक्ष सार्वजनिक गर्ने दायित्व पनि प्र.अ.को नै हो । विद्यालयहरूमा लेखापालको दरवन्दी नभएकोले प्र.अ.ले नै लेखा राख्ने कार्य गरेको पाइएको छ । तर केहि विद्यालयमा निजी श्रोतबाट लेखापालको नियुक्ति गरि लेखा राख्ने कार्यको जिम्मा दिएको पाइयो । लेखापाल भएको विद्यालयहरूमा मा.वि. र उ.मा.वि. रहेका छन् । प्र.अ.ले विद्यालयको थुप्रै शैक्षिक, भौतिक र सामाजिक पक्षहरूमा ध्यान दिनुपर्ने र लेखा राख्ने कार्य प्राविधिक भएकोले लेखा राख्ने कार्यको लागि लेखापाल नै उपयुक्त देखिन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालय सु-संचालनका लागि स्थानीय समुदायलाई नै वित्तीय अधिकार अनुगमन र सुपरिवेक्षणको अधिकार प्रदान गर्नुपर्छ भनि व्याख्या गरिएको छ तर व्यावहारमा त्यस्तो पाइएन ।

### ४.१.३ प्रधानाध्यापकको लेखा राख्ने शैली

सामुदायिक विद्यालयहरूकमा आम्दानी खर्चको अभिलेख राख्ने शैली कस्तो छ भनि अनुसूची ४ मा संलग्न प्रश्नावलीहरूको प्रयोग गरि प्र.अ.हरू संग छलफल गर्दा निम्नानुसारका प्रतिक्रिया पाइयो ।

तालिका ३: लेखा राख्ने शैलि

| क्र.सं. | लेखा राख्ने शैली | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत | २ | २५% |
| २ | बैज्ञानिक | २ | २५% |
| ३ | सुधारिएको . | ४ | ५०% |
| ४ | थाहाछैन | | |
| | जम्मा | ८ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकालाई विश्लेषण गर्दा अधिकांश सामुदायिक विद्यालयहरूमा आम्दानी खर्चको विवरण सुव्यवस्थित, वैज्ञानिक र पारदर्शी रूपले राखेको पाइएन । दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरूप डे. र क्रे. का आधारमा लेखा राख्ने विद्यालयहरू २५% मात्र पाइयो । दोहोरो लेखा प्रणालीलाई अवलम्वन गर्ने विद्यालयहरू मा.वि. र उ.मा.वि. रहेका छन् । २५% विद्यालयहरूले अत्यन्त पुरानो अव्यावहारिक र अपारदर्शी लेखाप्रणालीबाट

अभिलेख राखेको पाइयो । ७५% विद्यालयहरूले केहि सुधारिएको तरिकाले अभिलेख राखेको पाइयो । प्र.अ. हरूमा लेखा राख्ने ज्ञान र सीपको अभावमा पनि लेखा राख्ने काममा सुधार आउन सकेको छैन । यी विद्यालयहरुले एकोहोरो लेखाप्रणली भए पनि केहि सुधारिएको र थोरै भए पनि वैज्ञानिक एवम् पारदर्शी फारामहरुको प्रयोग गरि लेखा राख्ने गरेको पाइएको छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार प्रत्येक कामदारको परम्परागत कार्यशैली परिवर्तन गरि वैज्ञानिक बनाउनु पर्दछ भनिए ता पनि प्रधानाध्यापक र लेखापालहरुको लेखा राख्ने शैलीमा परिवर्वन आउन सकेको पाइएन ।

### ४.१.४ सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था

सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षण गर्न थालेपछि सोको प्रतिवेदनको कार्यान्वयनको वर्तमान अवस्था कस्तो छ भनि अध्ययन क्षेत्रका विद्यालयहरूमा अनुसन्धान गर्न अनुसूची २ र ३ मा उल्लेखित प्रश्नहरू शिक्षक अभिभावक संघका अध्यक्ष र वि.व्या.स.का पदाधिकारीहरूसंग गर्दा निम्नासुरको प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ४ : सामाजिक परिक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था

| क्र. सं. | सामाजिक परिक्षणको कार्यान्वयनको अवस्था | वि.व्य.स | शि.अ.स | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गर्छन | ३ | २ | ५ | ३१% |
| २ | गर्दैनन् | २ | ४ | ६ | ३८% |
| ३ | आंशिक | २ | १ | ३ | १९% |
| ४ | थाहा छैन | १ | १ | २ | १२% |
| | जम्मा | ८ | ८ | १६ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा ३१% वि.व्य.स. र शि.अ.स.का पदाधिकारीहरूले विद्यालयमा सामाजिक परिक्षणको कार्यान्वयन भएको बताए, त्यसै गरि ३८% ले नगरेको १९% ले आंशिक रूपमा हुने बताए भने १० % ले थाहा नै नभएको कुरा बताए । शैक्षिक सत्र २०६३ देखि जिल्ला शिक्षा कार्यालय र श्रोतकेन्द्रले अनिवार्य गरेको छ । सामाजिक परिक्षण नगरे विद्यालयले पाउने तलव भत्ता र अन्य सुविधा समेत जि.शि.का.ले रोक्का गर्ने भएकाले विद्यालयहरूले औपचारिकताका लागि मात्र भएपनि सामाजिक परिक्षण गर्ने गरेको पाइएको छ हरेक आ.वर्ष शुरू भए पछि भाद्र महिना भित्रमा सामाजिक परिक्षण समिति

गठन गरि प्र.अ. आफैले फारम भर्ने काम गरि सार्वजनिक समितिबाट स्वीकृत गराइ स्रोत केन्द्रमा बुझाउनु पर्दछ । केहि विद्यालयहरूमा भने सामाजिक परिक्षण समितिले विद्यालयको सवै पक्षको लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र विशेष गरि आर्थिक पक्षको सम्पूर्ण हिसाव किताव परिक्षण गरि त्यसमा देखिएका कमिकमजोरीहरू सच्याउन प्रधानाध्यापकहरूलाई सुझाव पनि दिने गरेको पाइयो । वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदारको छनौट गरि छानिएका कामदारलाई तालिम दिने र दक्षता पूर्वक काम सिकाउनु पर्छ भनिएता पनि त्यस्तो भने पाइएन ।

### ४.१.५ प्रतिवेदनको सार्वजानिकीकरणमा अभिभमावकहरूको उपस्थिति

सामाजिक परिक्षण पछि त्यसको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरूको उपस्थितिको अवस्था खोजि गर्न अध्ययन क्षेत्रका विद्यालयहरूको अभिभावकहरू संग अनुसूची १ मा संलग्न प्रश्नावलीका आधारमा निम्नानुसारका प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ५: प्रतिवेदनको सार्वजनिकरणमा सरोकारवालाहरूको उपस्थिती

| क.सं. | अभिभावकहरूको प्रतिक्रिया | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आउछु | ४ | ५०% |
| २ | आउदिन | | |
| ३ | बोलाउदैनन् | २ | २५% |
| ४ | भ्याउदिन | २ | २५% |
| | जम्मा | ८ | १०० |

स्रोत : स्थलगत सर्भेक्षण २०६८

माथिको तालिकाबाट विद्यालयमा सामाजिक परिक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन ५०% अभिभावकहरू विद्यालय जाने गरेको , २५% लाई नवोलाएको र २५% अभिभावकहरू नभ्याएर बोलाउँदा पनि नगएको वताए । विद्यालयहरूको गतिविधि र क्रियाकलापहरूमा अभिभावकहरू कम नै आउने गर्दछन् । यसरी विद्यालयहरूमा अभिभावकहरूको निरन्तर उपस्थिति हुनु पर्नेमा यस्तो नभएकोले विद्यालयका गतिविधिहरूमा उल्लेखनीय सुधार हुन नसकेको देखिन्छ । विकेन्द्रिकरणको सिद्धान्त अनुसार योजना निर्माण, नीति निर्माण, निर्णय, अनुगमन, सुपरिवेक्षण जस्ता विषयहरुमा कानूनी व्यवस्था गरि स्थानीय निकाय वा अधिकारीलाई स्वतन्त्र रुपवाट काम गर्ने वातावरण सृजना

गर्न सक्दा विद्यालय गतिविधिमा सरोकारवालाहरुको सघन उपस्थिति रहन्छ भनि उल्लेख गरिएता पनि व्यवहारमा त्यस्तो पाइएन ।

### ४.१.६ आम्दानी खर्च विवरण

सामुदायिक विद्यालयमाहरुका प्रध्यानाध्यापकहरुले एक आर्थिक वर्ष भित्र भएको आम्दानी खर्चको विवरण (चार्ट) वनाई राख्छन् वा राख्दैन्न भनि अध्ययन क्षेत्रका विद्यालयहरुमा अनुसुची चारमा संलग्न प्रश्नावलीका आधारमा अध्ययन गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ६ आम्दानी खर्चको विवरण

| क.स. | आम्दानी खर्चको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राख्छु | २ | २५% |
| २ | राख्दिन | ४ | ५०% |
| ३ | थाहा छैन | २ | २५% |
| ४ | भ्याउँदिन | - | - |
| | जम्मा | | १००% |

स्रोत : स्तलगत सर्वेक्षण २०६८

माथिको तथ्यांकलाई विश्लेषण गर्दा ५०% प्र.अ हरुले आफनो कार्य कक्षमा आम्दानी खर्चको विवरण नराखेको, २५% ले राखेको र २५%ले अम्दानी खर्चको विवरण राख्ने कुरा थाहै नपाएको कुरा बताएको देखिन्छ । सबै सामुदायिक विद्यालयहरुका प्रध्यानाध्यापकहरु आफनो कार्यकक्षमा आम्दानी खर्चको विवरण राख्न सक्दा आम्दानी खर्च आफै पारदर्शी र सार्वजनिक हुन्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार वैज्ञानिक ढंगले कामदार छनौट गरि छानिएका कामदारहरुलाई तालिम दिने र दक्षता पूर्वक काम लगाउनु पर्छ भनि उल्लेख भए पनि प्र. अ. छनौट गर्न तालिम दिने र दक्षता पूर्वक काम लगाउने कुरा व्यवहारमा पाइएन ।

### ४.१.७ सामाजिक परिक्षणको सुझाव कार्यान्वयन

सामाजिक परिक्षण ससमितिले सामाजिक परिक्षण गरिसकेपछि प्रतिवेदनमा केहि सुझावहरु राखेको हुन्छ । सुझावहरु कार्यान्वयनको अवस्था कस्तो छ भनि अनुसन्धान क्षेत्रका विद्यालयका प्र.अ. हरु सँग अनुसुची ३ मा राखिएका प्रश्नावली का आधारमा अध्ययन गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भयो ।

तालिका ७ : सामाजिक परिक्षणको सुझाव कार्यन्वयनको अवस्था

| क.स. | सुझाव कार्यान्वयनको अवस्था | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | गर्छु | ४ | ५०% |
| २ | गर्दिन | २ | २५% |
| ३ | थाहाछैन | - | - |
| ४ | थोरै गर्छु | २ | २५% |
| | जम्मा | ८ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा ५०% प्र.अ. हरूले सामाजिक परिक्षण समितिको सुझाव कार्यान्वयन गर्ने गरेको, २५%ले नगरेको र २५% ले थोरथोरै गर्ने गरेको पाइयो । सामाजिक परिक्षण समितिको सुझाव कार्यान्वयन गर्ने काम प्र.अ.को हो । सामाजिक परिक्षण समितिको सुझाव कार्यान्वयन गर्दा अन्य पक्षका अतिरिक्त आर्थिक पारदर्शीतामा वृद्धि हुन सक्छ । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कामदारलाई काम प्रति अधिकतम उपलब्धि हासिल हुने गरि परिचालन गर्नु पर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटी त्याग्नु पर्छ भनि वैज्ञानिक व्यवस्थापन सिद्धान्तमा भए पनि व्यवहारमा त्यस्तो पाइएन ।

## ४.२ सामाजिक परिक्षणले आर्थिक पारदर्शीतामा परेको प्रभाव

विद्यालय समुदायमा रहेको हुन्छ । विद्यालयले समुदायका लागि आवश्यक सीप र योग्यता भएको जनशक्ति दिन्छ भने समुदायले विद्यालयलाई आर्थिक, भौतिक र शैक्षिक रूपमा मजबुत बनाउन विभिन्न प्रकारका सहयोग उपलब्ध गराउँछ । समुदाय र विद्यालय बीचको सम्बन्ध सुमधुर भएको खण्डमा मात्र विद्यालयको विकास अगाडि बढ्न जान्छ ।

समुदाय र विद्यालयको सम्बन्ध सुदृढ भएको अवस्थामा मात्र विद्यालयको चौतर्फी उन्नति र प्रगति हुन सक्छ । त्यसकारण विद्यालयमा के के गतिविधिहरू संचालन गर्ने त्यसलाई कसरी पुरा गर्ने र सो को लेखाजोखा कसरी गर्ने जस्ता अवसरहरू समुदायले पाउनु पर्दछ । केन्द्रमा एकीकृत भएर रहेको अधिकारलाई स्थानीय तहमा निरुपण गरेमा अवश्य नै विद्यालयमा सुधार आउँछ । स्थानीय समुदायलाई योजना निर्माण गर्ने नीति निर्माण गर्ने, कार्यसम्पादन गर्ने अनुगमन र मुल्याँकन गर्ने प्रकृयामा कानुनी व्यवस्था गरि अधिकार निरुपण गरेमा सामुदायिक विद्यालयमा समुदायको लगानि अवश्यनै वृद्धि भई विद्यालय प्रति जागरुक भावनाको विकास हुन सक्दछ । त्यसै गरी विद्यालय र सरोकारवालाहरु वीच राम्रो मानव संवन्ध भएमा कार्यसम्पादनमा राम्रो जनसहभागिता जुट्न सक्छ । सामुदायिक विद्यालयको सांगठनिक क्रियाकलापमा सरोकारवालाहरु सवैलाई सहभागी गराउनु पर्छ भन्ने जस्ता सिद्धान्तहरु विद्यालय पद्धतिमा लागु गर्न खोजिएकाले सामुदायिक विद्यालयमा सामाजिक परिक्षण गर्ने धारणा आएको हो । हाल सवै सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०६३ साल देखि अनिवार्य रुपमा सामाजिक परिक्षण गर्ने सरकारले कानुनी व्यवस्था गरेको छ । सामाजिक परिक्षणले आर्थिक पारदर्शीतामा कस्तो प्रभाव पारेको छ विषयमा अनुसन्धान गर्दा प्राप्त तथ्यलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.२.१ आर्थिक कारोवारको जवाफदेहिता

सामुदायिक विद्यालयमा भएका आर्थिक कारोवारहरूको जवाफदेहिता कसको हो भनि अध्ययन क्षेत्रका विद्यालयहरूका सरोकारवालाहरू वीच अनुसूची १,२,३,४, ५ र ६ मा संलग्न प्रश्नावलीका आधारमा अध्ययन गर्दा निम्नानुसार प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ८ : आर्थिक कारोवारको जवाफदेहिता

| क्र. सं. | आर्थिक कारोवारको जवाफदेहिता | वि.व्य.स. | शि.अ.स. | अभिभावक | शिक्षक | प्र. अ. | स्रोत व्यक्ति | जम्मा | प्र. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.अ. | ६ | ६ | ४ | ६ | ८ | १ | ३१ | ७६% |
| २ | शिक्षक | | | २ | | | | २ | ५% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वि.व्य.स. | २ | | १ | २ | | | ५ | १२% |
| ४ | लेखापाल | | २ | १ | | | | ३ | ७% |
| | जम्मा | ८ | ८ | ८ | ८ | ८ | १ | ४१ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा विद्यालयको आर्थिक करोवारको जवाफदेहिता प्र.अ.को नै हो भन्ने विषयमा ७६%, शिक्षकको हो भन्ने विषयमा ५% वि.व्य.स.को हो भन्ने विषयमा १२% र लेखापालको हो भन्ने विषयमा ७%, सरोकारवालाहरूको जवाफ पाइयो । यसबाट विद्यालयको आर्थिक कारोवारको जवाफदेहिता प्र.अ.को नै हो भन्ने पुष्टी भएको छ ।

सामुदायिक विद्यालयमा विशेष गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु गर्नु पुर्व समुदायवाटनै वढि लगानि गर्नु पर्ने हुन्थ्यो । सामुदायिक विद्यालयमा के कति आम्दानि र खर्च भयो सो को अभिलेख तत्कालिन विद्यालय सञ्चालक समितिका सेक्रेटरीले राख्ने गरेको पाइन्छ । प्र.अ.ले सेक्रेटरीको निर्देशन वमोजिम आवश्यकता अनुसार खर्च गर्ने गर्दथे । तर राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पछि विद्यालयमा लाग्ने खर्च सरकारले वेहोर्दै आयो । त्यस पछि जनतालाई शिक्षा दिने कार्य सरकारको मातहतमा आयो । जसले गर्दा सामुदायिक विद्यालयवाट जनताका छोराछोरीलाई निशुल्क रुपमा शिक्षा दिने कार्य अगाडि वढ्न थाल्यो । त्यसको पररिणाम स्वरुप विस्तारै शिक्षाको गुणस्तरमा ह्रास आउन थाल्यो । हाल राज्यको दायित्व शिक्षा क्षेत्रमा मात्र केन्द्रित नभई स्वास्थ्य, कृषि, यातायात, सञ्चार जस्ता क्षेत्रमा पनि केन्द्रित गर्नु पर्ने देखिन्छ । यसरी विद्यालय समुदायवाट नियन्त्रण नहुने अवस्थाले गर्दा शिक्षाको गुणस्तरमा समेत ह्रास आउने कुरालाई दृष्टिगत गरि अहिले विद्यालय समुदायमा हस्तान्तरण गर्ने नीति राज्यले अवलम्वन गरेको देखिन्छ । साथै प्र.अ. र विद्यालय व्यवस्थापन समितिलाई विद्यालयमा भएका आर्थिक कारोवारहरुको जवाफदेहि वनाउन खोजेको छ।

विकेन्द्रिकरणको सिद्धान्त अनुसार योजना र नीति निर्माणको अधिकार स्थानीय तहमा हस्तान्तरण गर्नाले जवाफदेहिता र उत्तरदायित्व पनि स्वत स्थानीय तहमा हुने उल्लेख भएपनि व्यवहारमा भने योजना र नीति निर्माण केन्द्रमा, त्यसको कार्यान्वयन साथै

प्रतिफलको मूल्याङ्कन स्थानीय स्तरमा हुने हुँदा सरोकारवालाहरु संग आर्थिक कारोवारको जवाफदेहिता कम रहेको पाइन्छ ।

### ४.२.२. सामाजिक परिक्षणबाट आर्थिक पारदर्शीताको सम्भावना

सामुदायिक विद्यालयमा सामाजिक परिक्षणबाट आर्थिक पारदर्शीताको सम्भावना कस्तो छ भनि अध्ययन क्षेत्रका वि.व्य.स.शिक्षक अभिभावक संघका अध्यक्षहरू, अभिभावकहरू र स्रोत व्यक्तिहरूलाई अनुसूची १,२,३, र ६ मा संलग्न प्रश्न गर्दा प्राप्त भएको प्रतिक्रियालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका ९ : आर्थिक पारदर्शीताको सम्भावना

| क.सं. | आर्थिक पारदर्शीता | वि.व्य.स. | शि.अ.स. | अभिभावक | स्रोत व्यक्ति | जम्मा | प्र. |
|---|---|---|---|---|---|---|---|
| १ | सम्भव छ | ६ | ६ | ४ | १ | १७ | ६८% |
| २ | सम्भव छैन | | १ | १ | | २ | ८% |
| ३ | आंशिक | | १ | १ | | २ | ८% |
| ४ | थाहा छैन | २ | | २ | | ४ | १६% |
| | जम्मा | ८ | ८ | ८ | १ | २५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको अध्ययनबाट ६८% सरोकारवालाहरूले सामाजिक परिक्षणबाट आर्थिक पारदर्शीता सम्भव छ भनि उत्तर दिएका छन् भने ८%ले सम्भव छैन, ८% ले नै आंशिक रूपमा सम्भव छ र १६% ले सामाजिक परिक्षणबाट सामुदायिक विद्यालयहरूमा आर्थिक पारदर्शीता सम्भव छ वा छैन भन्ने विषयमा आफूलाई कुनै जानकारी नभएको कुरा वताएका छन् । यसरी समग्र अनुसन्धानलाई हेर्दा सामाजिक लेखा परिक्षणवाट आर्थिक पारदर्शीतामा केहि हदसम्म सुधार हुन्छ भन्नेकुराको पुष्टी भएको छ । विद्यालय समुदायका व्यक्तिहरूको चासोको ठाउँ भएकोले विद्यालयमा भएका आर्थिक कारोवारहरू सार्वजनिक गर्नुपर्दछ । सामाजिक परीक्षणको प्रचलनले आर्थिक पारदर्शीतामा केही हद सम्म भए पनि सहयोग पुऱ्याएको अनुसन्धानबाट प्राप्त तथ्यले पुष्टी गरेको छ ।

विकेन्द्रिकरणको सिद्धान्त अनुसार योजना र नीतिनिर्माण सम्बन्धी अधिकार स्थानीय तहमा हस्तान्तरण गर्न सक्दा मात्र शैक्षिक गुणस्तरमा वृद्धि हुन्छ भनी उल्लेख भए पनि व्यवहारमा योजना र नीतिनिमार्ण सम्बन्धि अधिकार स्थानीय तहलाई हस्तान्तरण गरिएको छैन केवल कार्यान्वयन र प्रतिफल मूल्याङ्कन मात्र स्थानीय स्तरमा अधिकार हस्तान्तरण भएकोले पूर्ण आर्थिक पारदर्शीता सम्भव देखिदैन ।

## ४.३ सामाजिक परिक्षणमा देखिएका अन्तरहरू

सामाजिक परीक्षणले विद्यालयको योजना निर्माण चरण देखि कार्यन्वयन र प्रतिफल मूल्याङ्कन चरण सम्म सरोकारवालाहरुलाई संलग्न गराई हरेक गतिविधि र क्रियाकलाप सार्वजनिक गर्दै पारदर्शी वनाई विद्यालयलाई आलोचनामुक्त वनाउन सहयोग पुऱ्याउछ विद्यालय स्थानीय समुदायबाट टाढिएको विद्यालय सरोकारवालाहरुको आलोचनामा डुवेको र प्र.अ.हरुलाई आर्थिक अनियमितताको आरोप लागेको अवस्थामा सामाजिक परीक्षण ले त्यस्तो समस्या समाधान गर्न सहयोग पुऱ्याउने लक्षित समुह छलफलको आसय थियो । सरकारले सबै सामुदायीक विद्यालहरुको आर्थिक, भौतिक र शैक्षिक क्रियाकलाप सरोकारवालाहरुको तर्फ बाट विष्तृत रुपमा अध्ययन, छलफल, मुल्याङ्कन र लेखाजोखागर्न ऐन कानून र नियममा व्यवस्था गरी सामाजिक परीक्षण प्रचलनमा ल्याएको हो । विद्यालयमा स्थानीय जनसहभागिता जुटाउन र आर्थिक पारदर्शीताको लागि सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने कार्यलाई थप व्यवस्थित गरी कार्यन्वयनमा ल्याएको छ ।

सामाजिक परिक्षण कार्यन्वयनको सुरूको समयमा यसलाई औपचारिकतामा मात्र सिमित गरिएता पनि पछिल्ला दिनहरूमा त्यसलाई व्यवहारिक बनाउँन विद्यालय शिक्षाका विभिन्न निकायहरूले प्रभावकारी भूमिका खेल्दै आइरहेको छ । विद्यालयमा सामाजिक परिक्षण हुन थालेपछि विद्यालयका गतिविधि र क्रियाकलापहरूमा सुधार हुन थालेको छ । तर जति सुधार हुनुपर्ने हो त्यति सुधारभएको पाइदैन । सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयनमा के कस्ता समस्याहरू देखिएका छन् भन्ने विषयमा सरोकारवालाहरूसँग अनुसूची १,२,३,४, ५ र ६ मा संलग्न प्रश्न माथि अन्तरक्रिया गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका १० प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरू

| क्र.सं | कार्यान्वयनमा देखिएका समस्याहरू | अभिभावक | शि.अ.स. | वि.व्य.स. | प्र.अ. | शिक्षक | स्रोत व्यक्ति | जम्मा | प्र. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जानकारीको अभाव | ५ | ४ | ५ | ५ | ४ | १ | २४ | ५९% |
| २ | दक्ष जनशक्तिको अभाव | १ | २ | २ | २ | ३ | | १० | २४% |
| ३ | समयको अभाव | १ | १ | १ | | | | ३ | ७% |
| ४ | प्रोत्साहनको कमी | १ | १ | | १ | १ | | ४ | १०% |
| | जम्मा | ८ | ८ | ८ | ८ | ८ | १ | ४१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाबाट सामाजिक परिक्षणको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरूमा ५९% सरोकारवालाहरूले जानकारीको अभाव वताएका हुन् । त्यसै गरि दक्ष जनशक्तिको अभाव २४%, समयको अभाव ७% र प्रोत्साहनको कमी १०% सरोकारवालाहरूले बताएका छन् । विद्यालय व्यवस्थापनमा जुट्ने सरोकारवालाहरूले वताएका छन् । विद्यालय व्यवस्थापनमा जुट्ने सरोकारवालाहरूको मूल्याङ्कन गरि पुरस्कृत गर्ने व्यवस्था नहुनु पनि सामाजिक परीक्षण कार्यान्वयनमा देखिएको अर्को समस्या हो ।

वास्तवमा विद्यालयको व्यवस्थापन संचालन रेखदेख नियन्त्रण, सामाजिक परीक्षण कसरी गर्ने आदी जस्ता कुराको अधिकांश सरोकारवालाहरुलाई थाहा नभै रहेको अवस्था छ । सरोकारवालाहरुलाई जानकारी नहुनु , सामाजिक परीक्षण कार्यान्वयनमा देखिएको प्रमुख समस्या हो । त्यसै गरी सामाजिक परीक्षण गर्न विशेष सीप र दक्षता भएको जनशक्तिको आवश्यकता पर्दछ  तर सामामुदायिक विद्यालयका सरोकारवालाहरु संग सामाजिक परीक्षण गर्ने सीप र दक्षता नभएको अनुसन्धानबाट प्रस्ट भएको छ । यसरी सरोकारवाहरुमा

सामाजिक परीक्षण गर्ने सीप र दक्षता नहुनु , सामाजिक परीक्षण कार्यान्वयनको कार्यान्वयनको अर्को समस्या रहेको पाइयो । त्यसैगरी सामाजिक परीक्षण गर्न पर्याप्त समयको आवश्यकता पर्दछ । विद्यालयको सरोकारवालाहरु संग विद्यालयमा के कस्ता गतिविधि र क्रियाकलाप सञ्चालन हुन्छन् । तिनीहरुको वारेमा बुझ्ने, हेर्ने समय पनि हुँदैन । त्यसैले सरोकारवालाहरु संग पर्याप्त समय नहुनु पनि सामाजिक परीक्षण कार्यान्वयनको अर्को समस्या रहको अनुसन्धानबाट प्रष्ट रहको छ । विद्यालय व्यवस्थापनमा जुटेबापत सरोकारवालाहरुलाई कुनै प्रकारको प्रोत्साहन छैन । यसरी विद्यालय व्यवस्थापनमा जुट्ने सरोकारवालाहरुलाई उचित मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था नहुनु पनि सामाजिक परीक्षण कार्यान्वयनमा देखिएको अर्को समस्या हो भन्ने कुरा अनुसन्धानबाट प्रस्ट भएको छ ।

## ४.४ सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने उपायहरू

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरू के के छन् भनि अध्ययन क्षेत्रका सरोकारवालाहरूसँग अनुसूची १,२,३,४,५ र ६ मा संलग्न प्रश्न माथि छलफल गर्दा निम्न प्रतिक्रिया प्राप्त भएको छ ।

तालिका ११ समस्या समाधानका उपायहरू

| क्र. स. | समाधानका उपायहरू | अभिभावक | शि.अ.स | वि.व्य.स | प्र.अ. | शिक्षक | स्रोत व्यक्ति | जम्मा | प्र. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिम/गोष्ठि | ३ | ४ | ४ | ४ | ३ | | १६ | ३९% |
| २ | पुरस्कार र पृष्ठ पोषण | २ | २ | १ | | | १ | ६ | १४% |
| ३ | विकेन्द्रिकरण | २ | १ | २ | २ | ४ | | ११ | २७% |
| ४ | अनुगमन | १ | १ | १ | २ | १ | | ७ | १७% |
| | जम्मा | ८ | ८ | ८ | ८ | ८ | १ | ४१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

माथिको तालिकाको विश्लेषण गर्दा समुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूमा ३९% सरोकारवालाहरूले तालिम र गोष्ठीमा

जोड दिनुपर्ने बताए । सरोकारवालाहरुलाई विविन्न तालिम र गोष्ठी संचालन गरी क्षमता अभिवृद्धि गर्नु पर्ने कुरामा जोड दिइएको पाइयो । जिल्ला शिक्षा कार्यालय र श्रोत केन्द्रबाट यस्ता क्षमता अभिवृद्धि सम्बन्धी तालिम र गोष्ठी संचालन हुने गरेको पाइदैन । यसले गर्दा सो निकायहरुले यस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने अनुसन्धानबाट प्रष्ट भएको छ । त्यसै गरि पुरस्कार र पृष्ठपोषणको  व्यवस्था गर्नु पर्नेमा १४% सरोकारवालाहरुले जोड दिइएको पाइयो । यसरी सामाजिक परीक्षणको प्रतिवेदन कार्यान्वयन नगर्ने प्र.अ. हरुलाई मूल्याङ्कनका आधारमा पुरस्कार र पृष्ठपोषणको व्यवस्था गर्दा सामाजिक परीक्षणमा देखिएका समस्याहरु समाधान हुने कुरा अनुसन्धानबाट प्रस्ट भएको छ । सामाजिक परीक्षणमा देखिएका समस्याहरु समाधानमा २७% सरोकारवालाहरुले विद्यालय व्यवस्थापन र सुपरीवेक्षणमा राज्यले स्थानीय तहमा नै विकेन्द्रिकरण गर्नु पर्ने कुरामा जोड दिइएको पाइयो । स्थानीय निकाय र सरोकारवालाहरुलाई विद्यालय संचालन व्यवस्थापन र सुपरिवेक्षणमा सरिक गराउन केन्द्र तहमा रहेका अधिकारहरुलाई विकेन्द्रीकरण गरिनु पर्छ भन्ने सरोकारवालाहरुको आशय थियो । साथै  १७% सरोकारहरुले जिल्ला शिक्षा कार्यालयद्बारा प्रभावकारी अनुगमन गर्नुपर्ने कुरामा जोड दिएका छन् । विद्यालय निरीक्षक र श्रोत व्यक्तिहरुले सामाजिक परीक्षणलाई व्यवहारिक वनाउन प्रयत्न गर्नुका साथै सामाजिक परीक्षणले दिएका सुझावहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने वातावरण वनाउनु पर्ने सरोकारवालाहरुको धारणा रहेको पाइयो ।

प्रधानाध्यापकहरुले विद्यालयमा भएका आर्थिक कारोवारहरुको व्यवस्थित र वैज्ञानिक अभिलेख राख्ने सीप र क्षमता अभिवृद्धि गर्नुपर्छ । प्र.अ.हरुले एकहोरो लेखा प्रणाली अनुसार अवैज्ञानिक र अपारदर्शी अभिलेख राख्ने प्रचलन हटाई दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार सीप योग्यता र क्षमता वृद्धि गर्न प्र अ. आफैले पनि तत्परता देखाउन सकेमा सामाजिक लेखा परीक्षणको मर्म र भावना पूरा हुन्छ । जसको परिणाम स्वरुप विद्यालयको आर्थिक पक्षमा सुधार आउनुका साथै शैक्षिक गुणस्तरमा अभिवृद्धि हुने अभिभावकहरुको आशय पाइयो ।

माथिका उपायहरू अवलम्वन गर्न सकेको खण्डमा विद्यालयमा भएका अन्य गतिविधिका अतिरिक्त आर्थिक कारोवारहरूमा समेत पारदर्शीता आई विद्यालय सुसञ्चालन र गुणस्तर अभिवृद्धिमा समेत सुधार हुने कुरामा विश्वास गर्न सकिन्छ । विद्यालयमा उचित

मानव संसाधन विकास हुनुपर्दछ । सरोकारवालाहरू बीच उचित नेतृत्व, सीप, समन्वय र संचारको स्पष्ट कार्यविभाजन हुनुपर्दछ । यसका अतिरिक्त नेपाल सरकारको तर्फबाट गुणस्तरीय शिक्षा, सीपमूलक शिक्षा एवम् रोजगारमूलक शिक्षा र वर्तमान परिप्रेक्ष अनुसारको  शिक्षा नीति ल्याउनु आवश्यक देखिन्छ ।

# परिच्छेद ५ : प्राप्ति, निष्कर्ष र सुझाव

सामुदायिक विद्यालयहरूमा आर्थिक पारदर्शीताका लागि सामाजिक परीक्षणको प्रभाव हेर्न गरिएको यस अध्ययनबाट निम्नानुसारका प्राप्ति, निष्कर्ष र सुझावहरू प्राप्त भएका छन् ।

## ५.१ प्राप्तिहरू

विद्यालयहरूमा सामुदायिक सहभागिता वढाइ विद्यालयको आर्थिक तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्य अनुरूप सामाजिक परिक्षणलाई कार्यान्वयनमा ल्याइएको छ सामाजिक परिक्षण कति प्रभाबकारी छ र यसले विद्यालयको आर्थिक पारदर्शितामा खेलेको भूमिका कति प्रभावकारी छ भन्ने विषयमा पोखरी स्रोतकेन्द्र भित्रका विद्यालयहरूमा यो अध्ययन सिमित गरिएता पनि विद्यालय तहको नीति निर्माण गर्ने निकायका लागि आगामी दिनमा सामाजिक परिक्षण प्रभावकारी बनाउन के के कदम चाल्ने वा सामाजिक परिक्षण गर्ने प्रचलनलाई अन्त्य गर्ने भन्ने बिषयमा यस अनुसन्धानले अबश्य सहयोग पुऱ्याएको छ । विषेश गरि यस अनुसन्धानले आर्थिक पारदर्शिताका अतिरिक्त अन्य धेरै पक्षहरू संग सम्वन्धित प्राप्तिहरू दिन सफल भएको छ ।

विद्यालयमा सरोकारवालाहरू मध्ये सामाजिक परिक्षणमा वि.व्य.स.का पदाधिकारीहरू प्रधानाध्यापक र शिक्षकलाई मात्र पूर्ण रूपमा जानकारी भएको र धेरै जसो शि.अ.सं. का पदाधिकारी र अभिभावकहरूलाई जानकारी नभएको पाइयो ।

विद्यालयहरूमा आर्थिक कारोवार गर्ने र सोको अभिलेख राख्ने काम अधिकंश विद्यालयमा प्र.अ.ले गर्ने र केहि विद्यालयहरूमा मात्र लेखापालले सो कार्य गर्ने गरिएको पाइएको छ । थोरै विद्यालयहरूले मात्र दोहोरोलेखा प्रणालीको प्रयोग गरि हिसाव किताव राखेको पाइयो र अधिकांश विद्यालयहरूले एकोहोरो लेखाप्रणालीबाट लेखा राखेको पाइएको छ । दोहोरो लेखा प्रणाली अनुसार लेखा राख्ने विद्यालयहरूमा मा.वि.र उ.मा.वि.मात्र छन् । त्यसै गरि प्रा.वि. र नि.मा.वि. ले एकोहोरो लेखाप्रणाली र परम्परागत फारामको प्रयोग गरेको पाइयो । जसबाट आर्थिक पारदर्शीता सम्भब छैन प्रा. वि. र नि.मा.वि. विद्यालयहरु मध्ये धेरै जसोले एकोहोरो लेखा प्रणली अनुसार परम्परागत र केही सुधारीएको फारमको प्रयोग गरि आर्थिक अभिलेख राख्ने गरेको पाइयो त्यसै गरि दोहोरो लेखा प्रणली केही

माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुले अपनाएको पाइयो । यसरी दोहोरो लेखा प्रणली अनुसार लेखा राख्नु लेआ सम्बन्धि विशेष सीप र वैंकिङ सुविधा हुनु पर्दटछ । लेखा सम्बन्धि विशेष ज्ञान र सीप भएका लेखापाल वा प्र.अ. भएका सामुदायिक विद्यालयहरुमा मात्र यो प्रणाली अनुसा र लेखा राख्ने गरेको पाइयो । जुन लेखा प्रणालीबाट आर्थिक पारदर्शीता सम्भव छ ।

सामाजिक परिक्षणको प्रचलनले विद्यालयहरूमा गहिरो रूपमा आर्थिक कारोवारको लेखाजोखा राख्नेचलनको विकास हुन थालेको थोरै विद्यालयहरूमा पाइयो । अहिले सवै सामुदायिक विद्यालयहरूमा सामाजिक परिक्षण हुन थालेको छ तर यो औपचारिकतामा मात्र सिमित गरिएको पाइयो ।

सामुदयिक विद्यालयहरूमा सामाजिक परिक्षण गरिसकेपछि सो प्रतिवेदन सार्वजनिक गर्ने दिन धेरै जसो विद्यालयहरूमा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिती पाइयो भने केहिमा न्यून उपस्थिती रहेको पाइयो । अनुसन्धानमा संलग्न थोरै विद्यालयहरूले मात्र सामाजिकपरिक्षणको प्रतिवेदन सार्वजनिक गरेको पाइयो । सामाजिक परिक्षण गरिसकेपछि मात्र प्रतिवेदन सार्वजनिक गर्ने दिन धेरै जसो विद्यालयमा सरोकारवालाहरुको उल्लेखनिय उपस्थिति रहेको देखिन्छ भने केही विद्यालयहरुमा सरोकारवालाहरुको उपस्थिति न्यून देखिन्छ । स्थानीय तहमा नै स्वतन्त्र रुपमा काम गर्ने गरि विकेन्द्रिकरणको नीति लागू गर्ने हो भने सरोकारवालाहरुको उपस्थितिलाई बढाउन सकिन्छ । धेरै विद्यालयका प्र.अ. हरुले आफ्नो कार्य कक्षमा आम्दानी खर्चको विवरण वनाएर राख्ने हो भने पनि स्वतः आर्थिक पारदर्शीता हुन्छ ।

थोरै विद्यालयका प्र.अ. हरुले सामाजिक परिक्षण समितिले प्रतिवेदनमा सुझाव गरेका कुरालाई कार्यान्वयन गर्दछन भने धेरैले गर्दैनन् । सामाजिक परिक्षण पछि उक्त समितिले दिएको सुझाव  कार्यान्वयन नगर्ने प्रधानाध्यपकहरुलाई शिक्षा ऐन, नियमावली, अनुसार कारबाही गर्नु पर्ने कुरामा जोड दिएका छन । विद्यालयहरुमा आर्थिक कारोवारको जिम्मेवारी प्र.अ.को रहेको पाइएको छ । आर्थिक पारदर्शीतामा सामाजिक परिक्षणको प्रभावकारीता उल्लेखनीय रहेको पाइएको छ । सामाजिक परिक्षण पछि विद्यालयका गतिविधि र क्रियाकलापहरुमा सरोकारवालाको सहभागिता र संलग्नता बढ्न गएको छ । तर राम्रो सहभागिता भने छैन । सामाजिक परिक्षण पछि विद्यालयका आम्दानी र खर्चका साथै आर्थिक

कारोवार पारदर्शी हुन थालेको छ । सवै सरोकारवालाहरुले विद्यालयमा के कति आम्दानी खर्च भयो भन्ने विषयमा सरोकार राख्न थालेका छन् । प्राय माध्यमिक र उच्च माध्यमिक विद्यालयहरुले निजी स्रोतबाट लेखापाल नियुक्त गरि लेखा राख्ने कामको जिम्मा दिएको पाइन्छ ।

थोरै विद्यालयहरूमा मात्र सामाजिक परिक्षण समितिले सामाजिक परिक्षण गरिसके पछि प्रतिवेदन तयार गरि विद्यालयका सवल र दुर्वल पक्ष अभिभावक भेला गराइ सुनाउने गरेको पाइयो भने धरो सामुदायिक विद्यालयहरुमा सामाजिक परिक्षण गरिसके पछि सो को प्रतिवेदन सार्वजनिक नगरेको पाइयो । सामाजिक परिक्षणबाट आर्थिक पारदर्शिता हुने देखिन्छ । सामाजिक परिक्षणबाट सम्पुर्ण पक्षका अतिरिक्त आर्थिक पारदर्शिताकालागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

## ५.२ निश्कर्ष

सामुदायिक विद्यालय संचालनको सवैभन्दा महत्वपूर्ण भूमिका प्र.अ.को हुन्छ । प्रधानाध्यापकले योजनाकार शैक्षिक नेता व्यवस्थापक सामाजिक परिचालक र सुपरिवेक्षकको भूमिका निर्वाह गर्नुपर्दछ । विद्यालय संचालनमा सहयोग पुऱ्याउन शिक्षा ऐन नियममा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ आदिको व्यवस्थ गरिएको छ । सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापकले विद्यालय संचालनका क्रममा वेवास्ता गरिएको परिप्रेक्षमा समूदाय र विद्यालयको सम्बन्ध सुदृढ गर्दै विद्यालयमा भइरहेको गतिविधिमा सरोकारवालाहरूको सहभागिता वढाउने उद्देश्य अनुरूप सामाजिक परिक्षणलाई कार्यान्वयनमा ल्याइएको हो । सामाजिक परिक्षणबाट विद्यालयहरूमा केहि सुधार भएका छन् । प्रधानाध्यापकले विद्यालयका सरोकारवालाहरूसँग समन्वय गरि काम गर्नुपर्छ भन्ने धारणाको विकास भएको छ । विद्यालयहरूमा प्राप्त भएको सरकारी र गैरसरकारी संघ सस्थाहरूबाट प्राप्त अनुदान एवं खर्चलाई व्यवस्थित र वैज्ञानीक ढंगले राख्नुपर्छ र अभिभावक एवं सरोकारवालाहरूले हेर्न चाहेको अवस्थामा देखाउनुपर्दछ र बुझाउनु पर्छ भन्ने धारणाको विकास सरोकारवालाहरुमा भएको छ । आर्थिक अनियमितताले सामुदायिक सहभागितामा अवरोध सृजना गर्दछ । जसले गर्दा विद्यालयले आवश्यक परेको समयमा समुदायको सहयोग प्राप्त गर्न सक्दैनन् विद्यालयका गतिविधि र क्रियाकलापको केन्द्रविन्दु आर्थिक पक्ष र त्यसमा खर्च गर्ने तौरतरिका एवम् अभिलेखहरु हुन् भन्ने तथ्यलाई यस

अनुसन्धानले प्रष्ट पारेको छ । सरोकारवालाहरूलाई विद्यालयको आर्थिक अवस्थाको जानकारी समय समयमा नगराएकोखण्डमा विद्यालय सरोकारवालाहरूको नजरमा टाढा हुन गइ सरोकारवालाहरू विद्यालयको समस्याबाट पन्छिनसक्ने तथ्यलाई यसअनुसन्धानले उजागर गरेको छ ।

सामाजिक परिक्षणबाट विद्यालयहरूमा आर्थिक पारदर्शिता आउन थालेको छ । प्रधानाध्यापकले विद्यालयको हिसाव किताव लुकाउन नसक्नेअवस्थाभएकोछ । सामुदायिक विद्यालयहरूमा आर्थिक कारोवारको लेखा राख्ने तौरतरिकामा सुधार भएको छ प्र.अ.ले आर्थिक अनुशासनलाई पूर्णरूपमा पालना गर्नुपर्छ भन्ने तथ्य समेत यसअनुसन्धानबाट पत्तालागेको छ । अधिकांश सरसोकारवालाहरू विद्यालयमा सामाजिक परिक्षणको प्रतिवेदन सुन्न रछलफल गर्न आउन थालेका छन् । प्रधानाध्यापकले सामाजिक परिक्षण समितिले दिएका सुझावहरू कार्यान्वयन गर्छ गर्दैन हेर्नुपर्छ भन्ने भावनाको विकास हुन थालेको छ ।

विद्यालय संचालनका लागि विशेष गरि स्थानिय समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ। स्थानिय समुदायको वेवास्ताको कारणबाट विद्यालयमा प्रधानाध्यापकद्वारा आर्थिक हिनामिना र अनियमितता हुने गरेको र यसलाई रोक्न शिक्षा नियमावलीमा उल्लेखित व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । सरोकारवालाहरूको क्षमता वृद्धि गर्न तालिम, गोष्ठि र अभिमूखिकरण कार्यक्रम संचालन गर्नपर्छ भन्ने तथ्यलाई यस अनुसन्धानले जोड दिएको छ । यसका लागि विद्यालयमा हुने गरेका आर्थिक भौतिक र शैक्षिक गति विधिमा सरोकारवालाहरूको उल्लेखनिय उपस्थिती आवश्यक छ भन्ने तथ्यलाई यस अनुसन्धानले प्रष्ट पारेको छ ।

अनुसन्धानका क्रममा सवै विद्यालयका सरोकारवालाहरूमा समान चेतना, क्षमता र तत्परता पाइएन । कुनै विद्यालयहरूका सरोकारवालाहरू विद्यालयको आर्थिक,भौतिक र शैक्षिक पक्षको विकासका लागि एकजुट भएर लाग्ने र विद्यालयको हरेक गतिविधिमा संलग्न हुने गरेको पाइएको छ भने कुनै विद्यालयमा जे गर्छन त्यो प्र.अ. र शिक्षकले नै गर्छन हामी केही कुरा बुझ्दैनौ भनि उदसिन भएको पाइएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका केही पदाधिकारीहरुले विद्यालय व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन र विद्यालय गतिविधिलाई नियमित गरि अनुगमन र सुपरिवेक्षकलई प्रभावकारी

बनाउन पदाधिकारीहरुलाई नेपाल सरकरले भत्ताको व्यवस्था गर्नु पर्ने कुरा पनि उठाएक छन् ।

समग्रमा विद्यालयका आर्थिक, भौतिक र शैक्षिक गतिविधि एवं क्रियाकलापमा सरोकारवालाहरूलाई सहभागि गराउँदै त्यस्ता क्रियाकलापहरूको सार्वजनिक गराउनै पर्छ तव मात्र विद्यालयको आर्थिक, भौतिक एवं शैक्षिक पक्षमा उन्नति र सुधार हुन गई शैक्षिक गुणस्तरमा वृद्धि सम्भव छ भन्ने निष्कर्ष यस अनुसन्धानबाट निस्केको छ ।

## ५.३ सुझावहरू

सामुदायिक विद्यालयहरूमा आर्थिक पारदर्शिकताका लागि सामाजिक परिक्षणको प्रभावकारीता कस्तो छ भन्ने यस अनुसन्धानको केन्द्र रहेको थियो । सामाजिक परिक्षणले विद्यालयका आर्थिक कारोवारहरूमा अनियमितता घटेको आर्थिक हिनामिना क्रमशः घट्न गएको हिसाव कितावहरू क्रमशः सार्वजनिक हुनथालेको एकोहोरो लेखाप्रणाली क्रमशः दोहोरो लेखाप्रणाली तर्फ उन्मुख हुदै गएको सामाजिक परिक्षण समितिको सुझावहरू बीच प्रष्ट हुन वाँकी देखिन्छ । सामाजिक परिक्षणले पुर्णरूपमा सफलता पाउँन सकेको छैन । त्यसकारण सरोकारवालाहरूबाट प्राप्त सूचना तथ्यांक र जानकारीका आधारमा विश्लेषण गरि निस्केको निश्कर्ष र प्राप्तिहरूलाई आधार बनाई केहि सुझावहरू प्रस्तुत गरिएको छ ।

१) विद्यालयका सरोकारवालाहरूलाई विद्यालयको हरेक गतिविधिमा संलग्न हुन क्षमता वृद्धि सम्वन्धि तालिमको व्यवस्था गर्नुपर्दछ ।

२) विद्यालयमा लेखा राख्ने प्र. अ. तथा लेखाप्रणालीलाई सकेसम्म दोहोरो लेखाप्रणाली अनुरूप लेखा राख्नको लागि तालिमको व्यवस्था गर्नुपर्दछ ।

३) विद्यालयको वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन र उपलब्धि मूल्याङ्कनमा सरोकारवालाहरूलाई संलग्न गराउनु पर्दछ ।

४) समुदाय र विद्यालय बीच सुमधुर सम्बन्ध स्थापित गर्नका लागि विभिन्न कार्यक्रमहरू संचालन गरि विद्यालयमा सरोकारवालाहरूलाई उपस्थित गराउनु पर्दछ ।

५) प्र.अ.ले आर्थिक हिनामिना गरेमा त्यसको कारवाहि गर्ने कुरा कानुनमा व्यवस्था भए पनि त्यसलाई कार्यान्वयनमा ल्याउन पर्दछ ।

६) योग्यता क्षमता र नेतृत्व सीप भएका व्यक्तिलाई मात्र प्र.अ. नियुक्ति गर्नुपर्दछ ।

७) सामाजिक परिक्षणसमितिको प्रतिवेदन सार्वजनिक सवै विद्यालयले गरेको पाइदैन । यस्तो प्रतिवेदन सार्वजनिक गर्दा स्रोत व्यक्तिले आफ्नो उपस्थिति अनिवार्य हुनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

८) विद्यालयका सरोकारवालाहरू बीच प्रभावकारी संचार कायम गरि विद्यालयको महत्वपूर्ण निर्णय प्रक्रियाका सवैलाई सहभागि गराउनु पर्दछ ।

९) विद्यालयका सरोकारवालाहरू वीचमा वैज्ञानिक ढंगले कामको वाँडफाँड गर्नुपर्छ ।

१०) वि.व्य.स. र शि.अ.स.का पदाधिकारीहरू एवं अभिभावक लगायत सरोकारवालाहरू राम्रो काममा जस लिने र नराम्रो काममा अरूलाई दोस थुपार्ने परिपाटी छ त्यसलाई त्याग्नु पर्दछ ।

११) सामाजिक परिक्षण प्रतिवेदनको प्रतिलिपि आफू भन्दा माथिल्लो निकायमा पठाउने व्यवस्था गर्नुपर्दछ ।

१२) विद्यालयका सरोकारवालाहरुवीच विभिन्न विषयमा देखापरेका द्वन्दलाई समयमै निरुपण गर्नु पर्ने देखिन्छ ।

१३) विद्यालयलाई विभिन्न किसिमका राजनीतिक गतिविधिहरु चलखेख मुक्त क्षेत्र वनाउनु पर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, महेन्द्र र साथीहरू (२०६५), *इपम्यान,* काठमाण्डौंः सनलाइट पब्लिकेशन ।

काफ्ले, वासुदेव र साथीहरू (२०६५), *शिक्षाको वित्तशास्त्र,* काठमाण्डौः सनलाइट पब्लिकेशन ।

के.सी. नारायण (२०६५), *समूदायद्धारा व्यवस्थापन गरिएका विद्यालयहरूमा स्रोत संकलन र उपयोगको अध्ययन* काठमाण्डौ कीर्तिपूर त्रि.वि. ।

कोइराला, सिताराम (२०६२), *शिक्षा प्रकाशनका आयामहरु,* काठमाडौंः सोपान मासिक, डिल्लीबजार ।

खड्का, शेरजङ्ग (२०६२), *व्यवस्थापन सिद्धान्तहरू,* काठमाडौँ, निमा पुस्तक प्रकाशन प्रदर्शन मार्ग ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग (२०६५), *सामाजिक लेखा परिक्षण निर्देशिका* ।

बौद्धिक दर्पण प्रकाशन (२०६५), *शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९,* काठमाडौंः (तेस्रो संशोधन सहित) ।

शर्मा, गोपीनाथ (२०५८), *नेपालमा शिक्षा आयोगको प्रतिवेदनहरु,* काठमाडौंः मकालु बुक्स एण्ड स्टेसनर्स, पुतलीसडक ।

शिक्षा मन्त्रालय(२०५५) *उच्चस्तरीय राष्टि शिक्षा आयोगको प्रतिवेदन,* काण्माडौंः केशरमहलः लेखक ।

तामाङ, गोविन्द (२०६६), *सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिताको लागि सामाजिक परीक्षण,* इन्द्रपुर,मोरङः त्रि.वि. (अप्रकाशित शोधकृति)

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची एक : अभिभवाकका लागि प्रश्नावली

नाम : ठेगाना: पद:

१. तपाईलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन ख) अलिअलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाइँको विद्यालयमा आम्दानी खर्चको जवाफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) वि. व्य.स. घ) लेखापाल

३. तपाइँको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन ?

क) गर्छन् ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

४. तपाइँ सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन विद्यालय जानुहुन्छ।

क) जान्छु ख) जान्न ग) बोलाउदैनन् घ) भ्याउँदिन

५. सामाजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ?

क) छ ख) सम्भव छैन ग) आंशिक घ) थाहा छैन

६. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी घ) प्रोत्साहनमा कमी

७. सामजिक परीक्षणबाट कार्यान्वयनको सम्भबन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा बढी घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणमा देखिएका समस्या समधानका उपायहरु के कस्ता छन् ?

क) तालिम ख) पुरस्कार र पृष्ठपोषण ग) विकेन्द्रिकरण
घ) अनुगमन

१०.तपाईको विद्यालयमा प्र.अ.ले समाजिक परीक्षण गराई आर्थिक हिसाव किताब सार्वजनिक गर्छन ?

क) गर्छन ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची  दुई : शिक्षक अभिावक संघका अध्यक्षहरुका लागि प्रंश्नावली

नाम :                    ठेगाना                    पद

१. तपाईँलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन    ख) अलिअलि थाहा छ    ग) राम्रो थाहा छ

२. तपाईको विद्यालयमा आम्दानी खर्चको जबाफदेहिता कसको हो ?

क) प्र.अ.    ख) शिक्षक    ग) वि.व्य.स.    घ) लेखापाल

३. तपाईको विद्यालयमा प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन ?

क) गर्छन    ख) गर्दैनन्    ग) आंशिक    घ) थाहा छैन

४. तापईँको विद्यालयमा प्र.अ. ले सामाजिक परीक्षणको सुझाव कार्यान्वय गर्छन ?

क) गर्छन    ख) गर्दैनन्    ग) आंशिक    घ) थाहा छैन

५. सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

क) आउँछन्    ख) आउदैनन्    ग) बोलाउँदैनन्    घ) भ्याउँदैनन्

६. सामाीजक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

क) छ    ख) सम्भव छैन    ग) आंशिक    घ) थाहा छैन

७. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव    ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी    घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित    ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी    घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट देखिएका समस्या सामधानका उपायहरु के कस्ता छन् ?

क) तालिम    ख) पुरस्कार र पृष्ठपोषण    ग) विकेन्द्रीकरण घ) अनुगमन

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची तीन : विद्यालय व्यवस्थापन समितिका लागि प्रश्नावली

नाम : ठेगाना पद

१. तापाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन ख) अलिअलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जावफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) वि.व्य.स. घ) लेखापाल

३. प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन ?

क) गर्छन ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

४. विद्यालयमा प्र.अ. ले सामाजिक परीक्षणको सुझाव कार्यान्वय गर्छन ?

क) गर्छन ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

५. सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

क) आउँछन् ख) आउदैनन् ग) बोलाउँदैनन् घ) भ्याउँदैनन्

६. सामीजक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

क) छ ख) सम्भव छैन ग) आंशिक घ) थाहा छैन

७. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी ग) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट देखिएका समस्या सामधानका उपायहरु के कस्ता छन्?

क) तालिम ख) पुरस्कार र पृष्ठपोषण ग) विकेन्द्रीकरण घ) अनुगमन

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची तीन : प्रधानाध्यापकहरुका लागि प्रश्नावली

नाम : विद्यालय :

१. तापाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन ख) अलिअलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जावफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) वि.व्य.स. घ) लेखापाल

३. प्र.अको लेखा अभिलेख राख्ने कार्यशैली कस्तो छ ?

क) परम्परागत ख) वैज्ञानिक ग) सुधारीएको घ) थाहा छैन

४. विद्यालयमा प्र.अ. ले सामाजिक परीक्षणको सुझाव कार्यान्वय गर्छन ?

क) गर्छु ख) गर्दिन ग) आंशिक घ) थाहा छैन

५. तपाईं आफ्नो कार्यकक्षमा आम्दानी खर्चको विवरणलाई बनाइ राख्नुहुन्छ ?

क) राख्छु ख) राख्दिन ग) भ्याउँदिन घ) थाहा छैन

६. विद्यालयमा सामाजिक परीक्षण सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

क) आउँछन् ख) आउदैनन् ग) बोलाउँदैनन् घ) भ्याउँदैनन्

७. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

क) राम्रो ख) आंशिक ग) सामान्य घ) थाहा छैन

१०. सामाजिक परीक्षणबाट देखिएका समस्या सामधानका उपायहरु के कस्ता छन् ?

क) तालिम ख) पुरस्कार र पृष्ठपोषण ग) विकेन्द्रीकरण घ) अनुगमन

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची चार : शिक्षकका लागि प्रश्नावली

नाम : ठेगाना पद

१. तापाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन ख) अलिअलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जावफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) वि.व्य.स. घ) लेखापाल

३. प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दनी खर्चको विवरण बनाइ राख्ने गर्छन ?

क) राख्छन् ख) राख्दैनन् ग) भ्याउँदैनन् घ) थाहा छैन

४. प्र.अ.ले सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गर्छन ?

क) गर्छन ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

५. सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

क) आउँछन् ख) आउदैनन् ग) बोलाउँदैनन् घ) भ्याउँदैनन्

६. सामीजिक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

क) छ ख) सम्भव छैन ग) आंशिक घ) थाहा छैन

७. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

क) राम्रो ख) आंशिक ग) सामान्य घ) थाहा छैन

१०. सामाजिक परीक्षणबाट देखिएका समस्या सामधानका उपायहरु के कस्ता छन् ?

क) तालिम ख) दण्डसजाय ग) विकेन्द्रीकरण घ) अनुगमन

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची छ : स्रोत व्यक्तिका लागि प्रश्नावली

नाम : ठेगाना पद

१. तापाईंलाई सामाजिक परीक्षणबारे थाहा छ ?

क) थाहा छैन ख) अलिअलि थाहा छ ग) राम्रो थाहा छ

२. तपाईंको विद्यालयमा आम्दानी खर्चको जावफदेहिता कसको हो ?

क) प्र.अ. ख) शिक्षक ग) वि.व्य.स. घ) लेखापाल

३. प्र.अको लेखा अभिलेख राख्ने कार्यशैली कस्तो छ ?

क) परम्परागत ख) वैज्ञानिक ग) सुधारीएको घ) थाहा छैन

४. प्र.अ.ले सामाजिक परीक्षण सुझाव कार्यान्वयन गर्छन ?

क) गर्छन ख) गर्दैनन् ग) आंशिक घ) थाहा छैन

५. सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्ने दिन अभिभावकहरु विद्यालय आउँछन् ?

क) आउँछन् ख) आउदैनन् ग) बोलाउँदैनन् घ) भ्याउँदैनन्

६. सामीजक परीक्षणबाट आर्थिक पारदर्शिता र नियन्त्रण सम्भव छ ?

क) छ ख) सम्भव छैन ग) आंशिक घ) थाहा छैन

७. तपाईले सामाजिक परीक्षणको कार्यान्वयनमा देख्नुभएको प्रमुख चुनौतिहरु के के हुन् ?

क) जानकारीको अभाव ख) दक्ष जनशक्तिको कमी

ग) प्र.अ.को पहलकद्मीमा कमी घ) प्रोत्साहनमा कमी

८. सामाजिक परीक्षणको कार्यान्वयनको सम्बन्धमा कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) औपचारिकतामा सीमित ख) सरोकारवालहरुको उदासिनता

ग) सम्बन्धित निकायबाट अनुगमनमा कमी घ) राजनैतिक हस्तक्षेप

९. सामाजिक परीक्षणबाट स्थानीय जनसहभागिताको अवस्था कस्तो छ ?

क) राम्रो ख) आंशिक ग) सामान्य घ) थाहा छैन

१०. सामाजिक परीक्षणबाट देखिएका समस्या सामधानका उपायहरु के कस्ता छन् ?

क) तालिम ख) दण्डसजाय ग) विकेन्द्रीकरण घ) अनुगमन

**सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण**

**अनुसूची  पाँच : प्र.अ.का लागि खुल्ला प्रश्नावली**

१. तपाईले सामाजिक परीक्षण कस-कसलाई समेटेर गर्न सक्नुहुछ ?

२. तपाईको विद्यालयमा बार्षिक कार्यक्रम कसरी निर्माण गर्नुहुन्छ ?

३. सामाजिक परीक्षणबाट उत्पन्न हुने समस्याहरु के के छन् ?

४. सामाजिक परीक्षणबाट  विद्यालय सुशासन कसरी सम्भव हुन्छ ?

५. सामाजिक परीक्षण समिति कस-कसलाई समेटेर बनाइन्छ ?

६. सामाजिक परीक्षण समितिले के के परीक्षण गर्छ ?

७. सामाजिक परीक्षण आम्दानी खर्चको पारदर्शिता कसरी हुन्छ ?

८. सामाजिक परीक्षणलाई प्रभावकारी कार्यान्वयन गर्दा देखिएका समस्याहरु के के हुन् ?

९. सामाजिक परीक्षणपछि वित्तीय अनुशासन कसरी हुन्छ ?

१०. सामाजिक परीक्षणमा देखिएका समस्याहरु समाधनका उपयाहरु के के छन् ?

११. विद्यालय व्यवस्थापन, संचालन, रेखदेख र नियन्त्रणका लागि केको आवश्यकता पर्ला ?

१२. विद्यालयमा आर्थिक पारदर्शिता नहुनुको कारण के हो ?

१३. विद्यालयमा सामाजिक परीक्षण र आर्थिक पारदर्शिता प्रभावकारी बनाउन के गर्नुपर्ला ?

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

### अनुसूची छ :   स्रोत व्यक्तिका लागि खुल्ला अर्न्तवार्ता प्रश्नावली

१. तपाईको विचारमा सामाजिक परीक्षण किन गरीन्छ ?

२. तोकीएको समयमा समाजिक परीक्षणको प्रतिवेदन स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा नपठाउदा के कस्तो कारवाही हुन्छ ?

३. विद्यालयमा आर्थिक पारदर्सिता कायम गर्न केके गनु पर्छ ?

४. विद्यालयमा आर्थिक पारदर्सिताको अभावमा के केस्तो समस्या देखापर्दछन् ?

५. विद्यालयमा सामाजिक परीक्षाण र आर्थिक पारदर्सिता प्रवावकारी बनाउन के गर्नुपर्ला ?

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

### अनुसूची सात : सामुदायिक विद्यालयहरूमा आर्थिक पारदर्शिताका लागि सामाजिक परिक्षण: उत्तरदाताहरूको नामावली

| क्र.स. | सारोकारवालाहरूको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १. | लोकबहादुर श्रेष्ठ | वि.व्य.स. अध्यक्ष | श्री सिहदेवी मा.वि.नुनढाकी-१ |
| २. | देवेन्द्र थक्लुङ्ग | शि.अ.स. अध्यक्ष | श्री सिहदेवी मा.वि. नूनढाकी |
| ३ | आशवहादुर लिम्वू | अभिभावक | श्री सिहदेवी मा.वि. नूनढाकी |
| ४ | ज्ञानबहादुर राउत | प्र.अ. | श्री सिहदेवी मा.वि. नूनढाकी |
| ५ | ध्रुवप्रसाद गौतम | शिक्षक | श्री सिहदेवी मा.वि. नूनढाकी |
| ६ | निमाओङ्दी शेर्पा | वि.व्य.स. अध्यक्ष | श्री गणेश प्रा.वि. सिङरीङ्ग नूनढाकी ६ |
| ७ | राजु गुरूङ्ग | शि.अ.स. अध्यक्ष | श्री गणेश प्रा.वि. सिङरीङ्ग नूनढाकी ६ |
| ८ | पेम्वा शेर्पा | अभिभावक | श्री गणेश प्रा.वि. सिङरीङ्ग नूनढाकी ६ |
| ९ | रत्न घले | प्र.अ. | श्री गणेश प्रा.वि. सिङरीङ्ग नूनढाकी ६ |
| १० | नरेन्द्रकुमार गुरूङ | शिक्षक | श्री गणेश प्रा.वि. सिङरीङ्ग नूनढाकी ६ |
| ११ | मानवबहादुर लिम्वु | वि.व्य.सं अध्यक्ष | श्री ज्वालामुखी प्रा.वि., याङिसजुङ्ग नूनढाकी ८ |
| १२ | दीलप्रसाद लिम्वु | शि.अ.सं अध्यक्ष | श्री ज्वालामुखी प्रा.वि., याङिसजुङ्ग नूनढाकी ८ |
| १३ | नयनबहादुर लिम्वु | प्र.अ. | श्री ज्वालामुखी प्रा.वि., याङिसजुङ्ग नूनढाकी ८ |
| १४ | पासाङ्ग शेर्पा | अभिभावक | श्री ज्वालामुखी प्रा.वि., याङिसजुङ्ग नूनढाकी ८ |
| १५ | लाक्पातर्वु शेर्पा | शिक्षक | श्री ज्वालामुखी प्रा.वि., याङिसजुङ्ग नूनढाकी ८ |
| १६ | डम्बरबहादुर खत्री | वि.व्य.सं. अध्यक्ष | श्री सर्वमंगला नि.मा.वि. रातमाटे सिद्धकाली २ |
| १७ | यदुनाथ भण्डारी | शि.अ.सं. अध्यक्ष | श्री सर्वमंगला नि.मा.वि. रातमाटे सिद्धकाली २ |
| १८ | पदमबहादुर तामाङ्ग | प्र.अ. | श्री सर्वमंगला नि.मा.वि. रातमाटे सिद्धकाली २ |
| १९ | मोतिप्रसाद भट्टराई | अभिभावक | श्री सर्वमंगला नि.मा.वि. रातमाटे सिद्धकाली २ |
| २० | नरबहादुर अधिकारी | शिक्षक | श्री सर्वमंगला नि.मा.वि. रातमाटे सिद्धकाली २ |
| २१ | कालीबहादुर लिम्वु | वि.व्य.स.अध्यक्ष | श्री शारदा उ.मा.वि. पोखरी सिद्धकाली ४ |
| २२ | कर्मारीञ्जी शेर्पा | शि.अ.सं. अध्यक्ष | श्री शारदा उ.मा.वि. पोखरी सिद्धकाली ४ |
| २३ | विनोदकुमार खत्री | प्र.अ. | श्री शारदा उ.मा.वि. पोखरी सिद्धकाली ४ |

| | | | |
|---|---|---|---|
| २४ | खड्गबहादुर मगर | अभिभावक | श्री शारदा उ.मा.वि. पोखरी सिद्धकाली ४ |
| २५ | राजनकुमार खत्री | शिक्षक | श्री शारदा उ.मा.वि. पोखरी सिद्धकाली ४ |
| २६ | श्यामकृष्ण राई | वि.व्य.सं.अध्यक्ष | श्री सिंहेश्वरी नि.मा.वि. ताङ्गलेवा सिद्धकाली ७ |
| २७ | कुवेरमणी पाण्डे | शि.अ.सं. अध्यक्ष | श्री सिंहेश्वरी नि.मा.वि. ताङ्गलेवा सिद्धकाली ७ |
| २८ | काजी शेर्पा | प्र.अ. | श्री सिंहेश्वरी नि.मा.वि. ताङ्गलेवा सिद्धकाली ७ |
| २९ | चन्द्रकला अधिकारी | शिक्षक | श्री सिंहेश्वरी नि.मा.वि. ताङ्गलेवा सिद्धकाली ७ |
| ३० | जीतबहादुर न्यौपाने | अभिभावक | श्री सिंहेश्वरी नि.मा.वि. ताङ्गलेवा सिद्धकाली ७ |
| ३१ | हस्तबहादुर राई | वि.व्य.सं. अध्यक्ष | श्री पञ्चायत प्रा.वि. प्यांकोट सिद्धपोखरी १ |
| ३२ | सुन्दर राई | शि.अ.सं. अध्यक्ष | श्री पञ्चायत प्रा.वि. प्यांकोट सिद्धपोखरी १ |
| ३३ | वुद्धिनारायण राई | अभिभावक | श्री पञ्चायत प्रा.वि. प्यांकोट सिद्धपोखरी १ |
| ३४ | माधवप्रसाद अधिकारी | प्र.अ. | श्री पञ्चायत प्रा.वि. प्यांकोट सिद्धपोखरी १ |
| ३५ | तुलाराम राई | शिक्षक | श्री पञ्चायत प्रा.वि. प्यांकोट सिद्धपोखरी १ |
| ३६ | यामबहादुर डाँगी | वि.व्य.स.अध्यक्ष | श्री सुर्यदय प्रा.वि. दुम्सिमारा सिद्धपोखरी ९ |
| ३७ | रामबहादुर राई | शि.अ.सं अध्यक्ष | श्री सुर्यदय प्रा.वि. दुम्सिमारा सिद्धपोखरी ९ |
| ३८ | धनवहादुर रोक्का | प्र.अ. | श्री सुर्यदय प्रा.वि. दुम्सिमारा सिद्धपोखरी ९ |
| ३९ | कृष्ण कडेल | अभिभावक | श्री सुर्यदय प्रा.वि. दुम्सिमारा सिद्धपोखरी ९ |
| ४० | कमला अधिकारी | शिक्षक | श्री सुर्यदय प्रा.वि. दुम्सिमारा सिद्धपोखरी ९ |
| ४१ | लोकनाथ ढुंगाना | श्रोत व्यक्ति | पोखरी स्रोत केन्द्र |

## सामुदायिक विद्यालयहरुमा सामाजिक परीक्षण

## अनुसूची आठ

| क्र.सं. | विद्यालय | वि.व्य.स. | शि.अ.संघ | अभिभावक | शिक्षक | प्र.अ. | स्रोतव्यक्ति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ४ | ४ | ४ | ४ | ४ | | २० |
| २ | नि.मा.वि | २ | २ | २ | २ | २ | | १० |
| ३ | मा.वि. | १ | १ | १ | १ | १ | १ | ६ |
| ४ | उ.मा.वि | १ | १ | १ | १ | १ | | ५ |
| ५ | जम्मा | १० | ८ | ८ | ८ | ८ | १ | ४१ |